जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक
शुभकामना
हिन्दूहरुको महान चाड
नागपंचमीको अवसरमा
सम्पूर्ण श्रद्धालु, शुभेच्छुक
प्रति मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
जनकपुर टुडे राष्ट्रिय दैनिक
रेडियो टुडे ९१ मेगाहर्ज
टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल
परिवार, जनकपुरधाम

वर्ष २६ •अंक ८२ • २०८१ साल साउन २५ गते शुक्रबार (9 August, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जनमतको धारणाप्रति कांग्रेसको आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले जम्बो मन्त्रीमण्डल गठन गरेपछि सर्वत्र आलोचना भइरहेको बेला राष्ट्रिय अध्यक्ष डा.सी.के. राउतको सचिवालयले दिएको प्रष्टिकरणप्रति नेपाली कांग्रेसले गम्भीर आपत्ति जनाएको छ ।

अध्यक्ष राउतको सचिवालयले ' मधेश प्रदेशको सरकार गठबन्धनको हो, जनमत पार्टीको होइन' भन्दै सामाजिक सञ्जाल फेसबुकमा पोष्ट गरेको छ ।

सत्तासाझेदार नेपाली कांग्रेस मधेश प्रदेशका सूचना सञ्चार विभागका प्रमुख नितेशकुमार गुप्ताले मन्त्रीमण्डलबारे मापदण्ड रहेको उल्लेख गर्दै सत्ता टिकाउन जनमतले जम्बो मन्त्रीमण्डल गठन गरेको आरोप लगाएका छन् । गठबन्धनको दुई ठूला दलप्रति दोषारोपण गर्नु दूर्भाग्यपूर्ण रहेको उनले बताएका छन् ।

मुख्यमन्त्री सतीशकुमार सिंहले पछिल्लो पटक ५ जना राज्यमन्त्री थप गरी मन्त्रीको संख्या २० पुर्‍याएका छन् । यस अघि मधेश प्रदेशमा सबै भन्दा ठूलो मन्त्रीमण्डलमा १५ जना सदस्य थिए ।

गुप्ताले यस प्रकारको पोष्ट नगर्न आग्रह गर्दै कांग्रेसले जनहित र विकासका लागि सदैव सक्रिय रहने बताएका छन् ।

### नेपाल सरकारलाई कुटनीतिक नोट पठाउन आग्रह

# बंगलादेशमा हिन्दू, बौद्ध धर्मावलम्बीहरुलाई सुरक्षा दिन माग

**टुडे समाचारदाता**

जनकपुरधाम ।बंगलादेशमा हिन्दू र बौद्ध धर्मावलम्बीहरूमाथि भइरहेको हिंसात्मक घटनाहरुको विरोधमा नेपालका विभिन्न धार्मिक, राजनीतिक र सामाजिक संघ-संगठनहरूको बिहीबार सम्पन्न सर्वपक्षीय बैठकले धार्मिक सद्भाव कायम गर्न आग्रह गरेको छ ।

बैठकमा बंगलादेशका हिन्दू र बौद्ध धर्मावलम्बीहरूलाई नेपालमा शरण दिन नेपाल सरकारलाई घोषणा गर्न दबाब दिने निर्णय गरिएको राष्ट्रिय एकता अभियानका संयोजक विनय यादवले जनाएका छन् ।

सो बैठकले परराष्ट्र मन्त्रालयमार्फत बंगलादेशलाई हिन्दू र बौद्ध धर्मावलम्बीमाथिको दमन रोक्न कुटनीतिक नोट पठाउन पहल गर्ने निर्णय गरेको छ ।

आरक्षण विरोधी विद्यार्थीहरुको आन्दोलन चर्किएपछि गत सोमबार पदबाट राजीनामा दिएर तत्कालीन प्रधानमन्त्री शेख हसिना देश छाडेपछि हिन्दू र बौद्ध धर्मावलम्बीहरुको आवास र धार्मिक स्थलहरुमाथि आक्रमण भएको बीबीसीलगायतका सञ्चार माध्यमहरुले जनाएका छन् ।

सर्वपक्षीय बैठकमा सहभागीहरूद्वारा नेपालस्थित बंगलादेशको दूतावासको ध्यानाकर्षण गराउनेमा जोड दिएको र दूतावास मार्फत बंगलादेश सरकारलाई शान्ति सुरक्षाको प्रबन्ध मिलाउन आग्रह गर्ने बताइएको छ ।

बैठकले बंगलादेशमा भएका असमाजिक हिंसात्मक घटनाहरुको विरोधमा आवाज उठाउन, अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन, र नेपाल सरकारलाई कूटनीतिक माध्यमबाट प्रभावकारी कदम चाल्न आग्रह गर्ने निर्णय गरेको संयोजक यादवले बताए ।




सो बैठकका सहभागीहरूले बंगलादेशमा भइरहेको घटनाहरूको विरोध गर्न सबैलाई एकजुट भएर लाग्न आग्रह गरेका छन् ।

सो बैठकले बंगलादेशका हिन्दू र बौद्ध धर्मावलम्बीहरूको संरक्षणका लागि ठोस कदम चाल्नुपर्ने आवश्यकता औंल्याएको उल्लेख गर्दै अभियानका संयोजक यादवले भने, बंगलादेशमा भइरहेको अल्पसंख्यकमाथिको आक्रमण अन्त्य गर्न सबैको सहयोग चाहिन्छ ।

राष्ट्रिय एकता अभियानले समन्वय गरेको उक्त बैठकले बंगलादेशका हिन्दू र बौद्ध धर्मावलम्बीहरूको संरक्षणका लागि महत्वपूर्ण निर्णयहरू गरेको छ ।

अभियानका केन्द्रीय संयोजक विनय यादवको अध्यक्षतामा भएको बैठकमा प्रतिनिधि सभा सदस्य किरण साह, विश्लेषक एवं पूर्व प्रधानमन्त्रीका परराष्ट्र सलाहकार अरुण कुमार सुवेदी, नेपाल सनातन धर्म संस्कृति संगठनका पुष्पराज पुरुष, विश्व हिन्दू महासंघका अर्जुन बाँस्तोला, इस्कानका शैलेन्द्र प्रभुजीको सहभागिता रहेको थियो ।

त्यसैगरी बैठकमा श्रीकृष्ण प्रणमी सेवा समितिका श्याम कृष्ण शर्मा, धार्मिक अभियन्ता खेमनाथ आचार्य, विश्व हिन्दू महासंघ राष्ट्रिय समितिका महासचिव रामचन्द्र तिवारी, वरिष्ठ पत्रकार एवं विश्लेषक युगनाथ शर्मा पौडेल, श्री नेपाल वैदिक संचार केन्द्रकी घमा भट्टराई, जरो किलो पार्टीका महासचिव प्रकाश श्रेष्ठ, नागरिक शक्ति नेपालका महासचिव ओम ढकाल, दीपक सिंह महर्जनलगायतको सहभागिता थियो ।

बंगलादेशमा करिब ४ सय विद्यार्थीहरु रहेको बंगलादेशस्थित नेपाली राजदूतावासले यस अघि जनाएको थियो । विद्यार्थीहरुलाई सुरक्षित रुपमा रही दूतावासको सम्पर्कमा रहन आग्रह गरिएको छ ।

बंगलादेश हिन्दू, बौद्ध, क्रिश्चियन, युनिटी काउन्सिलले यस हप्ताको सुरुमा सोमबार कम्तीमा १० वटा हिन्दू मन्दिरहरूमा आक्रमण गरिएको बताएको थियो । त्यो संख्या अझै बढेको अनुमान गरिए पनि आधिकारिक रुपमा पुष्टि गरिएको छैन ।

यसैबीच अन्तराष्ट्रिय सञ्चार एजेन्सी एएफपीले जनाए अनुसा विद्यार्थी नेतृत्वको विद्रोहले प्रधानमन्त्री शेख हसिनालाई सत्ताबाट अपदस्थ गरेको केही दिनपछि सुरक्षाको समस्या देखाउँदै बंगलादेशका सयौं नागरिक भारत प्रवेशका लागि भारत-बंगलादेश सीमामा भेला भएको बिहीबार सुरक्षा अधिकारीहरूले बताएका छन् ।

हसिनाको निष्कासनपछि मुस्लिम बहुल बंगलादेशका केहीले उनीसंगको निकट सम्बन्धको आशंकामा हिन्दूहरूको स्वामित्वमा रहेका केही व्यवसाय र घरहरूमा आक्रमण गरेका थिए। 'सयौं बंगलादेशी नागरिक प्रायः हिन्दूहरू, बंगलादेशसंगको भारतको सिमानामा भेला भएका छन् ' भारतको सीमा सुरक्षा बल (बीएसएफ) का उप-महानिरीक्षक अमित कुमार त्यागीले बताए ।

पश्चिमबंगाल राज्यको भारतीय सीमा क्षेत्रको अन्तिम विन्दुमा २ सय जना र पश्चिमबंगाल राज्यको जलपाइगुडी जिल्लामा ६ भन्दा बढी भेला भएका त्यागीले बताए । उनले भने, 'दुई देशबीचको सीमामा कुनै पर्खाल नभएको कारण बीएसएफका जवानले भीडलाई टाढा राख्न मानव ढाल निर्माण गरेका थिए ' उनले अघि थप्दैं भने, अधिकारीहरूले सिमा क्षेत्रबाट भीड पन्छाउन हवाई फायर गरेका थिए ।

सन् २००९ देखि सत्तामा रहेकी ७६ वर्षीया हसिनाले एक महिनाभन्दा बढी चलेको आक्रामक विरोध प्रदर्शनपछि सोमबार राजीनामा दिएकी थिइन् । त्यसपछि बंगलादेशको सुरक्षा स्थितमा सुधार भएको छ तर उनका समर्थक र पार्टीका अधिकारीमाथि आक्रमणको खबर आएको छ ।

## हिंसाबाट बचाउन युनुसको अपिल

**एजेन्सीहरु**

ढाका(बंगलादेश) । बंगलादेशमा अन्तरिम सरकारको नेतृत्व गर्न लागेका मुहम्मद युनुसले देशलाई अराजकता र हिंसाबाट बचाउन अपिल गरेका छन् ।



नोबेल पुरस्कार विजेता अर्थशास्त्री युनुसले बिहीबार साँझ शपथ लिएका छन् । त्यसका लागि ढाका पुगेका उनले विमानस्थलमा सञ्चारकर्मीहरुलाई सम्बोधन गर्दै भने, 'यदि तपाईंहरुलाई ममाथि भरोसा र विश्वास छ भने देशमा कहीं पनि हिंसा नहोस् भन्ने सुनिश्चित गर्नुपर्छ ।'

'म यसमा जोड दिन चाहन्छु कि देशलाई अराजकताबाट बचाउनुपर्छ ' उनले भने, 'देशलाई हिंसाबाट बचाउनुपर्छ ताकि विद्यार्थीहरुले देखाएको बाटोमा देशलाई अगाडि लैजान सकियोस् ।'



# 'सम्पदा संरक्षणमा सजग हुन आवश्यक'




काठमाण्डु । पुरातत्व विभागले स्थानीय तहको समन्वय अभावमा पुरातात्विक महत्वका स्थानको संरक्षण र व्यवस्थापनमा चुनौती थपिएको जनाएको छ । राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको विहिबारको बैठकमा विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले कतिपय स्थानीय तहका जनप्रतिनिधि सम्पदा संरक्षणप्रति पूर्ण रुपमा सजग नहुँदा संरक्षण र व्यवस्थापनमा चुनौती देखिएको उल्लेख गर्नुभयो ।

"पर्यटन प्रवर्द्धन र विकास निर्माणका नाममा विभागको सहमति बिना नै काम गर्दा समस्या देखिएको छ", उहाँले भन्नुभयो, "हामी संरक्षणबारे सोच्छौँ, स्थानीय तह विकास निर्माणमा मात्र केन्द्रित हुँदा समस्या भएको छ ।"विश्व सम्पदास्थल लुम्बिनीलाई खतराको सूचीमा राख्ने गरी भएको तयारी तत्कालका लागि टरेको स्मरण गराउँदै उहाँले सम्पदा संरक्षणप्रति मुख्यत स्थानीय तह सचेत र सजग हुनुपर्ने राय व्यक्त गर्नुभयो ।

"गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा अनावश्यक संरचना थप्ने कार्य भएपछि युनेस्कोले संरक्षणभन्दा बिगार्ने गतिविधि देखेर खतराको सूचीको रिपोर्ट तयार पारेको थियो । अन्य स्थानीय तहमा पनि सम्पदालाई संरक्षण गर्ने भन्दा पनि आधुनिक पार्कका रुपमा निर्माण गर्ने काम भइरहेको देखिन्छ", उहाँले भन्नुभयो ।उहाँले विश्व सम्पदामा सूचीकृत सम्पदामा संरक्षण, व्यवस्थापनका लागि स्थापना भएका विकास कोष र विकास समितिमा विभागको प्रतिनिधित्व अनिवार्य गर्नुपर्ने मागसमेत गर्नुभयो । सरकारले प्राचीन स्मारकको संरक्षण र व्यवस्थापन गरेर स्थानीय तहलाई हस्तान्तरण गर्दै आएको छ ।

महानिर्देशक प्रधानाङ्गले पुरातात्विक क्षेत्रमा गरिने कुनै पनि निर्माण अघि सहमति लिनुपर्ने व्यवस्थालाई कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । उहाँले विभागसँग बजेट अभाव, सङ्घीयस्तरका कार्यालय नहुनु, परम्परागत निर्माण सामग्रीको अभाब र समय सापेक्ष ऐन संशोधन नभएको विषयप्रति समितिको ध्यानार्कषण गराउनुभयो ।

त्यस अवसरमा समितिका सदस्यले काठमाडौँ उपत्यकासँगै देशभरका ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाको संरक्षण तथा उत्खननमा उत्तिकै महत्व दिन विभागलाई सुझाव दिनुभयो । उहाँहरुले सातै प्रदेशका ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पदाको सूची उपलब्ध गराउनसमेत विभागसँग माग गर्नुभयो ।

विभागका प्रवक्ता रामबहादुर कुँवरले २०७२ सालको भूकम्पछिको पुनःनिर्माण प्रगतिबारे समेत समितिलाई जानकारी दिनुभयो । भूकम्पले क्षति पुऱ्याएका विश्व सम्पदा क्षेत्रमा पर्ने एक सय ७० सम्पदामध्ये एक सय ५४ वटाको पुनःनिर्माण सम्पन्न भएको र विश्व सम्पदा क्षेत्रबाहेकका सात सय ५० सम्पदामध्ये छ सय ४८ वटाको पुनःनिर्माण सम्पन्न भएको उहाँले तथ्याङ्क प्रस्तुत गर्नुभयो ।विभागका अनुसार अहिलेसम्म विभिन्न नौ सय २० सम्पदामध्ये आठ सय दुई वटा सम्पदाको पुनःनिर्माण सम्पन्न भएको छ । यस्तै दुई सय १५ गुम्बामध्ये १३ वटाको काम सकिएको छ ।रासस

# 'शेयर बजारको नियामक निकायको क्षमता सुधार्न जरुरी छ'

काठमाण्डु । धितोपत्र बजारलाई थप व्यवस्थित र मर्यादित बनाउन कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र नियामकीय क्षमताको सुधारमा जोड दिइएको छ ।

अर्थ समितिको विहिबारको बैठकमा सांसदहरूले बजारको स्थायित्वका लागि विद्यमान नीति तथा नियमको कार्यान्वयन, समसामयिक सुधार तथा नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जको क्षमता विस्तार गर्नुपर्नेमा जोड दिनुभएको हो ।

समितिको बैठकमा पूर्वअर्थमन्त्रीसमेत रहनुभएका सांसद बर्षमान पुनले शेयर बजार उकालो लागेपनि नियामक लागि धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज (नेप्से)ले सुक्ष्म निगरानी गर्नुपर्ने डा.महतको भनाइ छ ।

सांसद मेटमणि चौधरीले धेरैको लगानी रहेको धितोपत्र बजारमा कमजोर कम्पनीको शेयर मूल्यमा देखिएको अस्वाभाविक वृद्धिको खोजी गर्नुपर्ने बताउनुभयो ।बैठकमा सांसदहरू सूर्य थापा, जुलीकुमारी महतो, नारायणी शर्मा, छिरिङ लामालगायतले बजारको स्थायित्वका सन्दर्भमा नियामक निकायले विशेष ध्यान दिनुपर्ने बताउनुभयो । बजारको क्षमता विस्तारका लागि बोर्डको भूमिका थप प्रभावकारी बनाउनुपर्ने उहाँहरूको भनाइ थियो ।

बैठकमा बोर्डको अध्यक्षको



निकायको भूमिकामाथि आम मानिसको प्रश्न रहेको बताउनुभयो । उहाँले पूँजी बजारमा स्वच्छ कारोबार र आवश्यक व्यवस्थापनका लागि नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्त गर्नुपर्नेमा जोड दिनुभयो ।

समितिका सदस्य एवम् पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले शेयर बजार मर्यादित र व्यवस्थित हुनुपर्छ भन्ने आफ्नो धारणा रहेको भएपनि त्यसलाई लिएर गलत प्रचार गरिएको गुनासो गर्नुभयो ।धितोपत्र बजारको सुधार, व्यवस्थापन र सन्तुलनका

भूमिकासमेतमा रहनुभएका अर्थ मन्त्रालयका सहसचिव महेश बरालले बोर्डको क्षमता वृद्धिका लागि नेपाल राष्ट्र बैंकलाई आग्रह गर्नुभयो । उहाँले बजारको हल्लाका पछाडि लागेर शेयर बजारमा लगानी गर्न नहुने बताउनुभयो । धितोपत्र बजारसम्बन्धी सूचना सबै क्षेत्रमा पुऱ्याउन नसकिएका कारण कतिपय अवस्थामा साना लगानीकर्ता मर्कामा पर्न सक्ने भएकाले ध्यान दिन उहाँले आग्रह गर्नुभयो । बरालले चालु आवको मौद्रिक नीतिले गरेको सहजीकरणका कारण बजार उकालो लागेको बताउनुभयो ।रासस

# उर्जा र सिँचाई क्षेत्रको विकास उच्च प्राथमिकतामा: मन्त्री रजक




**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशका नवनियुक्त उर्जा, सिँचाइ तथा खानेपानी राज्यमन्त्री निलम कुमारी रजकले उर्जा क्षेत्रको विकासलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको बताएकी छन् ।

गृहनगर राजविराजमा बिहीबार वीपी विचार समाजले उनको सम्मानमा आयोजना गरेको कार्यक्रममा उनले उर्जा क्षेत्रको विकासका लागि आफूले पहल गर्ने समेत बताइन् ।

राज्यमन्त्री रजकले प्रदेशलाई समृद्ध बनाउन उर्जा र सिंचाई महत्वपुर्ण क्षेत्र भएकाले यसलाई उच्च प्राथमिक्तामा राखिएको बताइन् ।

उनले वर्तमान प्रदेश सरकारसंग जनताको धेरै अपेक्षा र भरोसा रहेको भन्दै जनताका समस्या समाधान गर्न आफू इमान्दारीताका साथ अघि बढ्ने प्रतिबद्धता समेत व्यक्त गरिन् ।

उनले बाहिर जे जति भ्रम र हल्ला फिजाइए पनि वर्तमान प्रदेश सरकार पुरै कार्यकाल टिक्ने दाबी पनि गरिन् ।

समाजका अध्यक्ष राम कुमार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाली काँग्रेस मधेश प्रदेशका सहमहामन्त्री विन्दु यादव, नेपाल दलित संघ सप्तरीका अध्यक्ष भुवनेश्वर साफी, नेविसंघका केन्द्रीय सदस्य तिर्थ नारायण दास, बुथ सभापती इन्द्र कुमार देव लगायतले शुभकामना दिएका थिए ।

# नक्कली प्रहरी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा एक जना नक्कली प्रहरी पक्राउ परेका छन् । पक्राउ पर्नेमा स्थानीय माधवनारयण नगरपालिका- १ का २४ वर्षीय रमेश साह रहेका छन् । उनलाई बिहीबार रौतहट प्रहरीले सार्वजनिक गरेको छ ।

उनीमाथि र्विजनिक अपराध तथा अभद्र व्यवहार मुद्दा दायर गरी जिल्ला प्रशासन कार्यालय रौतहटबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।

गौर चन्द्रिगाहपुर सडकखण्ड अन्तर्गत डुमरिया बजारमा गत मंगलबार राति ११ बजे आरोपी रमेशले आफू सादा पोसाकको घुमुवा प्रहरी हूँ भन्दै केही



मानिसको जिउको खानतलासी गर्ने र पैसा असुल गर्ने योजना बनाएको भनि इलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरमा सूचना आएको प्रहरीले जनाएको छ ।

सोही सूचनाका आधारमा आरोपित साहलाई नियन्त्रणमा लिइएको प्रहरीको भनाइ छ । आरोपित साह इलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# प्रधान सेनापतिको कार्यभार रथी सिग्देललाई

काठमाण्डु । प्रधान सेनापति प्रभूराम शर्माले बलाधिकृत रथी अशोकराज सिग्देललाई आफ्नो कार्यभार हस्तान्तरण गर्नुभएको छ ।

सैनिक मुख्यालय जङ्गी अड्डामा विहिबार आयोजित विशेष समारोहमा प्रधान सेनापति शर्माले भोलिदेखि सम्हाल्ने गरी वरिष्ठतम् रथी सिग्देललाई प्रधान सेनापतिको कार्यभार बुझबुझारथ गर्नुभएको हो ।

मुलुकको प्रमुख सुरक्षा सङ्गठन नेपाली सेनाको ४५औँ प्रधान सेनापतिका रूपमा बलाधिकृत रथी सिग्देलले करिब एक महिनापछि जिम्मेवारी सम्हाल्दै हुनुहुन्छ । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले भोलिदेखि लागू हुनेगरी रथी सिग्देललाई कायममुकायम प्रधान सेनापतिको जिम्मेवारी यसअघि नै तोकिसक्नुभएको छ ।प्रधान सेनापति शर्मा तीनवर्षे पदावधि आगामी भदौ २४ गते समाप्त भई अनिवार्य अवकाशमा जाँदै हुनुहुन्छ ।

प्रधान सेनापति अवकाश हुनु एक महिना घर बिदामा बस्ने प्रावधान रहेअनुसार रथी सिग्देलले कामु प्रधान सेनापतिको जिम्मेवारी पाउनुभएको हो ।




कार्यभार बुझबुझारथ समारोहमा प्रधान सेनापति शर्माले नेपाली सेनाको सबै तह र तप्कालाई राम्रो बुझेको, नीति, नियम र पद्धतिबारे गहन बुझाइ राख्ने, व्यावहारिक र व्यावसायिक क्षमता भएका उत्तराधिकारीका रुपमा बलाधिकृत रथी सिग्देललाई कार्यभार बुझाउन पाएको भनी खुसी व्यक्त गर्नुभयो । त्यस अवसरमा पूर्वप्रधान सेनापतिहरु, रक्षा मन्त्रालयका सचिव, रथीवृन्दलगायत उपस्थित हुनुहुन्थ्यो । प्रधान सेनापति शर्माले विहिबारै वीरगति प्राप्त सकल दर्जाको सम्मानमा वीर स्मारक छाउनी र सैनिक मञ्च टुँडिखेलमा श्रद्धाञ्जलीसमेत अर्पण गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

**कामु प्रधान सेनापति सिग्देल परिचय**

बलाधिकृत रथी सिग्देलले स्वदेश तथा विदेशबाट व्यावसायिक सैन्य शिक्षा हासिल गर्नुभएको छ ।

आर्मी कमान्ड एन्ड स्टाफ कलेज शिवपुरी र चीनको नेसनल डिफेन्स युनिभर्सिटीबाट स्नातक उहाँले आर्मी वार कलेजमा हायर कमान्ड एन्ड म्यानेजमेन्ट कोर्स र भारतबाट डिफेन्स म्यानेजमेन्ट कोर्स पूरा गर्नुभएको छ ।

राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका विभिन्न कार्यशाला र व्यावसायिक सेमिनारमा पनि भाग लिनुभएका बलाधिकृत रथी सिग्देलले त्रिभुवन विश्वविद्यालय र चीनको राष्ट्रिय रक्षा विश्वविद्यालयबाट रणनीतिक अध्ययनमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएको छ ।अठ्तीस वर्षको सैन्य जीवनमा उहाँसँग काउन्टर इन्सर्जेन्सी र जङ्गल वारफेयर स्कूलको कमान्डेन्ट, इन्फन्ट्री ब्रिगेड र डिभिजनको कमान्ड गरेको अनुभव छ । बलाधिकृत रथी सिग्देलले सन् २०२२ मा अमेरिका-नेपाल तेस्रो ल्यान्ड फोर्स वार्ताका लागि नेपाली सेनाको प्रतिनिधिमण्डलको पनि नेतृत्व गर्नुभएको थियो ।

कोरोना महामारीका समयमा कोभिड क्राइसिस म्यानेजमेन्ट सेन्टर (सिसिएमसी) को सचिवका रूपमा पनि उहाँले काम गर्नुभयो ।राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक महत्वका घटनालाई नजिकबाट चासो साथ हेर्नुहुने रथी सिग्देल सङ्गठनभित्र अध्ययनशील र सकल दर्जाका कुरा सुन्ने व्यक्तित्वका रूपमा परिचय बनाउनुभएको छ । उहाँले सैनिक सङ्गठनभित्र युद्धकार्य, सम्भार विभाग, नीति महानिर्देशक र उपत्यका पृतनाजस्ता महत्वपूर्ण जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरिसक्नुभएको छ ।

त्यस्तै, अन्तर्राष्ट्रिय क्षेत्रमा संयुक्त राष्ट्र शान्ति सेनाअन्तर्ग्गत पूर्व युगोस्लाभिया, ताजिकिस्तान र लाइबेरिया जस्ता चुनौतीपूर्ण स्थानमा सेवा गरिसक्नुभएको छ ।सैनिक जीवनको उत्कृष्ट सेवाको कदरस्वरुप उहाँ सुप्रबल जनसेवाश्री तेस्रोसहित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदकबाट विभूषित हुनुहुन्छ । सङ्गठनको उन्नयनमा उत्कृष्ट योगदान पुऱ्याएबापत उहाँले दुईपटक 'प्रधान सेनापति प्रशंसा पदक'समेत पाउनुभएको छ ।

नेपालको संविधानले सेनालाई नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा गर्ने महत्वपूर्ण जिम्मेवारी तोकेको छ ।

यसका अलवा विपद् व्यवस्थापन, राष्ट्र विकास, शान्ति स्थापना, आन्तरिक सुरक्षा, वन तथा पर्यावरण सुरक्षा, ऐतिहासिक धरोहरको संरक्षण, राष्ट्रिय एकताको प्रवर्द्धन र आपत्कालीन खोज तथा उद्धारका कार्य पनि सेनाको जिम्मेवारी क्षेत्रमा रहेको छ ।

नेपाली सेनाले अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा समेत विशिष्ट योगदान पुऱ्याउँदै आएको छ । नेपाली सेना व्यावसायिक, अनुशासित, कर्तव्यनिष्ठ र मानव अधिकार प्रवर्द्धनका दृष्टिकोणबाट समेत अब्बल ठहरिएका कारण द्वन्द्वग्रस्त राष्ट्रका जनताको पहिलो रोजाइमा पर्दै आएको छ ।रासस

# लागूऔषधसहित तीन जना पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर । प्रतिबन्धित लागू औषध गाँजा तथा ब्राउन सुगरसहित ३ जना भारतीय नागरिकलाई महोत्तरी प्रहरीले पक्राउ गरेको छ ।



प्रहरीले बर्दिबास- १ स्थित पूर्वपश्चिम लोकमार्ग दक्षिण भवसी खोला आसपासबाट ६ क्विन्टल ११ किलो तयारी गाँजासहित भारत मोतीहारी ग्राम पञ्चायत कुरिया गाउँका २५ वर्षीय गुड्डुकुमार यादव, २९ वर्षीय मनीषकुमार गिरीलाई पक्राउ गरेको छ ।

बर्दिबास १ स्थित सिन्धुली चोकबाट २ ग्राम ३३० मिलिग्राम तौल बराबरको खैरो हिरोइन (ब्राउन सुगर) सहित धनुषा जानकीनन्दनी गाउँपालिका- ५ स्थित खजुरी महुवाका १९ वर्षीय ओम महरालाई समेत पक्राउ गरेको जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जयसवालले बताए ।

बा.प्रा ०३-००१ ख २८३२ नम्बरको मिनी ट्रकबाट उक्त गाँजा बरामद गरिएको छ । पक्राउ परेका तीनै जनामाथि प्रहरीले अनुसन्धान कारबाही अघि बढाएको छ । बरामद लागू औषधको बजार मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको महोत्तरी प्रहरीले जनाएको छ ।

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| वृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको कमला नगरपालिका-३ सघाराका एकजना किसान बिहीबार दिउँसो धान रोप्नका लागि गोरुको सहयताले खेतमा माटो हिल्याउँदै । यता दुईवटा गोरुको सहायताले हलो जोत्ने परम्परा करिब अन्त्य हुने अवस्थामा छ। *तस्बिरः /रासस*

# प्राथमिकताका आधारमा बजेट कार्यान्वयन गर्न अर्थमन्त्रीको निर्देशन

काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आयोजनाको प्राथमिकता निर्धारण गरेर बजेट कार्यान्वयन गर्न निर्देशन दिनुभएको छ।

मन्त्रालयका सचिव, योजना र बजेट महाशाखाका प्रमुखसँग विहिबार अर्थ मन्त्रालयमा भएको छुट्टा-छुट्टै छलफलमा अर्थमन्त्री पौडेलले विहिबार सम्बन्धित राष्ट्रिय गौरवका आयोजना र अध्ययन सम्पन्न भएका, प्राथमिकता प्राप्त आयोजनालाई उच्च प्राथमिकता दिएर बजेट कार्यान्वयन गर्न निर्देशन दिनुभयो।

यसैगरी राम्रो प्रतिफल दिने, सङ्घीय सरकारको कार्यक्षेत्र अन्तर्गतका र निर्माणाधीन आयोजनालाई अघि बढाउनुपर्नेमा जोड दिँदै उहाँले अध्ययन गरेर प्राथमिकीकरण



गरी बजेट कार्यान्वयन गर्दा स्रोत साधनको सही सदुपयोग हुने बताउनुभयो ।अर्थमन्त्री पौडेलले आज संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, सहरी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव, योजना र बजेट महाशाखाका प्रमुखसँग छलफल गर्नुभएको थियो।

खानेपानी मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालयका सचिव, योजना र बजेट महाशाखाका प्रमुखसँग छलफल गर्नु भएको थियो ।रासस

# महोत्तरीमा झुला पर्व सुरु

जलेश्वर। महोत्तरी जिल्लाको मटिहानी नगरपालिका-७ मा अवस्थित प्रसिद्ध लक्ष्मीनारायण मठमा परम्परागत रुपमा मनाइँदै आएको पौराणिक झुला पर्व बुधबार रातिदेखि सुरु भएको छ । आउँदो पूर्णिमा दिनसम्म मनाइने झुला पर्वका अवसरमा लक्ष्मीनारायण मठ मटिहानीबाट प्रत्येक दिन साँझपख कलात्मक पालकीमा बाजागाजाका साथ भगवान रामसीताको मूर्ति राखी भजनकीर्तन गर्दै झुलाघरमा लगिन्छ भने अबेर रातिसम्म झुला झुलाइन्छ।



महोत्तरीको लक्ष्मीनारायण मठ, धनुषाको जनकपुरधामस्थित राममन्दिर र जानकी मन्दिर, सर्लाही, सिराहा, सप्तरी र भारतको तिरहुत क्षेत्र विहारका विभिन्न मठ मन्दिरमा झुला पर्व धुमधामका साथ मनाइने परम्परा छ । झुला घरमा रामसीताको मूर्ति राखी धार्मिक गीत र भजनकीर्तनका साथ राति अवेरसम्म झुला झुलाउने गरिने लक्ष्मीनारायण मठ मटिहानीका महन्थ जगन्ननाथ दास वैष्णवले बताउनुभयो । भगवान रामसीता साउन महिनामा यसैगरी झुला झुलेको सम्झना गर्दै झुलनोत्सव मनाइने गरिन्छ । सो झुलाको अवसरमा मटिहानीमा मेलाको आयोजना गरिएको छ। मेला हेर्न र भगवान रामसीताको भुलनोत्सवमा सहभागी हुन प्रत्येक दिन साँझदेखि अबेर रातिसम्म नेपाल भारतका श्रद्धालुको घुइँचो लाग्छ।

सांस्कृतिक परम्पराका रुपमा मनाइने यो पर्वमा झुलाका लागि सिंहासनको निर्माण गरी सजाइएको गद्दीमा रामसीता लक्ष्मीनारायण लगायतका मूर्ति बाजागाजाका साथ झुलाउने परम्परा छ। मिथिला क्षेत्रमा कृषि रोपाइँ सकिने बित्तिकै झुला पर्वको रौनक सुरु हुन्छ। प्रत्येक मठ मन्दिरमा कजरी र मलार जस्ता गीतको स्वरलहरी सुनिन्छ। झुलाका समयमा गाउँघरका र वरपरका श्रद्धालुहरु जम्मा हुने भनजकीर्तन गर्ने नाचगान र रामलीला गरेर मध्यरातसम्म जाग्राम बस्ने चलन छ।

झुला पर्व त्रेतायुगदेखि नै प्रारम्भ भएको मानिन्छ। सन्यासीले आफ्ना आराध्य खेलाइ झुलाउने परम्परा छ । वृन्दावनमा पनि यो झुला कृष्णलीलाका रुपमा मनाइन्छ । पन्ध्र दिनसम्म चल्ने यस झुला पर्वको अवसरमा मटिहानीको घर-घरमा पाहुनासमेत आउने र झूला पर्व तथा मेलामा सहभागी हुने गर्दछन्। मटिहानीमा यसपाली मेला आयोजना गरिएको छ ।रासस

## प्राधिकरणका सञ्चालक समिति सदस्य हटाउने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

काठमाण्डु । सर्वोच्च अदालतले नेपाल विद्युत् प्राधिकरणका सञ्चालक समितिका सदस्यद्वय भक्तबहादुर पुन र कपिल आचार्यलाई हटाउने सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ।

सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलाशले विहिबार उक्त आदेश दिएको हो। यस्तै, अदालतले सञ्चालक समितिका सदस्यद्वय पुन र आचार्यलाई हटाउनुको कारण माग गरेको छ ।ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मन्त्रिस्तरीय निर्णय गर्दै यही साउन १८ गते सञ्चालक समिति सदस्यबाट उहाँहरुलाई हटाउनुभएको थियो। साथै मन्त्रीस्तरीय निर्णयबाट सञ्चालक समितिमा देवेन्द्र कार्की र महेन्द्रबहादुर गुरुङलाई नियुक्त गरिएको थियो।

डेडिकेटेड र ट्रङ्क लाइनको महसुल विवादमा उहाँहरुले प्राधिकरणको निर्णयविरुद्ध फरक मत राख्नुभएको थियो। फरक मत राखेपछि ऊर्जामन्त्री खडकाले उहाँहरुलाई यही साउन १५ गते स्पष्टिकरण सोध्नुभएको थियो। स्पष्टिकरण चित्तबुझ्दो नभएको भन्दै साउन १८ गते उहाँहरुलाई पदबाट हटाइएको थियो ।आफूहरुले सरकारले गैरकानुनी तरकाले हटाएको भन्दै सञ्चालक समितिका सदस्यद्वय पुन र आचार्यले बुधबार सर्वोच्चमा रिट दायर गर्नुभएको थियो ।रासस

# 'विद्यालय शिक्षा विधेयक' अपाङ्गतामैत्री हुनुपर्ने माग

काठमाण्डु। सांसदहरुले 'विद्यालय शिक्षा विधेयक, २०८०' अपाङ्गतामैत्री हुनुपर्ने माग गर्नुभएको छ।

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको विहिबारको बैठकमा विधेयकमाथि संशोधन प्रस्तुत गर्दै सांसद सोविता गौतमले अपाङ्गता भएकाहरुका लागि राज्यले छुट्टै लगानी गर्नुपर्छ भन्नुभयो । "त्यसका लागि अपाङ्गतामैत्री पाठ्यक्रम, भौतिक संरचना र विद्यालयको वातावरण अपाङ्गतामैत्री हुनुपर्ने कुरा विधेयकमा राख्नुपर्ने हुन्छ", उहाँले सुवालले शिक्षा क्षेत्रलाई उत्पादनसँग जोड्नुपर्ने धारणा राख्नुभयो । सांसद रेखा शाहले नैतिक शिक्षामा जोड दिनुपर्ने बताउनुभयो । संशोधनकर्ता रामकुमार राईले सरकारी र नीजि विद्यालयको पाठ्यक्रम समान बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । सांसद किसान श्रेष्ठले मधेस र दुर्गम क्षेत्रका विद्यालयमा शौचालय समेत नभएका कारण किशोरीहरुलाई समस्या भएको भन्दै विद्यालयको भौतिक पर्वाधारको विकासमा ध्यान दिनुपर्न भन्नुभयो।

त्यसैगरी संशोधनकर्ता



भन्नुभयो । उहाँले विशेष गरी सामुदायिक विद्यालयको गुणस्तर, स्तरोन्नति गर्ने गरी विधेयक ल्याउनुपर्ने बताउँदै देशैभरी रहेका विद्यालयको संरचना समान हुनुर्नेमा जोड दिनुभयो।

सांसद प्रभु शाहले विद्यालयसम्बन्धी अधिकार स्थानीय तहलाई दिने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने गरी विद्यालय शिक्षासम्वन्धी विधेयकलाई अगाडि बढाउनुपर्ने बताउनुभयो। सांसद प्रेम सांसदहरुले विद्यालयको भौतिक संरचना र पाठ्यक्रम अपाङ्गतामैत्री हुनुपर्ने विषयलाई ऐनमै समावेश गर्नुपर्नेसमेत माग गर्नुभयो। उहाँहरुले विद्यालयले विभिन्न शीर्षकमा विद्यार्थीसँग अतिरिक्त शुल्क उठाइरहेको भन्दै विद्यालयको पोषकक, पुस्तक र कापी अभिभावक आफैँले खरिद गर्न पाउनुपर्ने व्यवस्थालाई विधेयकमै उल्लेख गर्नुपर्नेमा पनि जोड दिनुभयो। रासस

# डिभिजन वन कार्यालयद्वारा नियम मिचेर भुक्तानी

**कमलेश मण्डल**

महोतरी । डिभिजन वन कार्यालयले उपभोक्ता समिति मार्फत गराउने गरी उपभोक्ता समितीसँग सम्झौता भएका योजना निर्माण व्यवसायीमार्फत गराई आर्थिक सेटीङ्गमा काम नसकिदै नियम मिचेर भुक्तानी गरि आर्थिक अनियमितता गरेका छन।

स्थानीयतहको जनप्रतिनिधी र कर्मचारीको मिलेमत्तोमा डिभिजन वन कार्यालय महोतरीले पार्कमा लगाइएका इन्टरविक ईट धसेको, पर्खाल चर्किएको पार्कमा घेरबार, जैविक विविधता झल्कने आरसिसी बेन्च, सिमेन्ट टायल्स लगाएको पदमार्ग, बाटोको दायाँ बायाँ फूल बगैंचा, फलामे गेट जस्ता पूर्वाधार तयार नगरेका र बिरुवा नरोपे पनि योजनाका कामहरु लगतईष्टिमेट अनुसार काम नगरी आर्थिक चलखेख गरि व्यापक अीयमितता गरेका छन।

डिभिजन वन कार्यालयका प्रमुख सन्तोष झा र इन्जिनियर राजकुमार दासले कानुन विपरित पार्कमा घेरबार, जैविक विविधता झल्कने आरसिसी बेन्च, सिमेन्ट टायल्स लगाएको पदमार्ग, बाटोको दायाँ बायाँ फूल बगैंचा, फलामे गेट जस्ता पूर्वाधार तयार नगरेका र बिरुवा नरोपे पनि योजनाका कामहरु सम्पन्न नै नगरी उपभोक्ता समितिबाट निर्माण व्यवसायी प्रयोग गराई गरेको कामको अर्थिक सेटिङमा रकम भुक्तानी गरेका छन।

मिलेमत्तोकै कारण पार्कमा लगाइएका इन्टरविक ईट धसेको, पर्खाल चर्किएको र विरुवा सुख्नु अघि नै फर्जि मूल्याङ्कन, विल भर्पाई बनाएर रकम निकासा गरेको स्रोतको दावी छ। निर्माणस्थलमा भएको योजनाको सूचना पार्टीमा अध्यक्षको नाम भएको तर मोवाईल नम्वर नराखिएकाले यसले पनि योजनामा गडवडी रहेको संकेत गर्ने स्थानीयहरु नै बताउँछन।



मटिहानी ६ जलसागरमा हरित पार्क निर्माण २५ लाख मटिहानी ७ मा तस्मैया बाबा हरित पार्क निर्माण २५ लाख मटिहानी ३ को कोलुवा पोखरीमा हरित पार्क निर्माण २५ लाख एकडारा १ दुर्गा मन्दिर प्राअन्गन हरित पार्क निर्माण २५ लाख पिपरा गमहरियाको महादेव मन्दिरको प्रान्गनमा हरित पार्क निर्माण २० लाख जलेश्वर ९ प्रकौलिमा ओम शान्ति भवन निर्मण १० लाख भंगहा ८ धर्मपुरमा धर्मपुर पोखरीमा हरित पार्का निर्माण २० लाख बलबा १० मा हरित पार्क निर्माण २० लाख सोनमा ५ गेरुका मन्दिर नजिक पार्क निर्माण १० लाख रामगोपालपुर २ टेंगरमा हरितपार्क तथा बूक्षारोपनकार्यमा २५ लाख रुपैया,मटिहानीमा ईकोपार्क निर्माणमा ५० लाख रुपैया,सम्सी ७मा हरितपार्क निर्माणमा १५ लाख रुपैया जलेश्वर नगरपालिका १० देखि मटिहानीनगरपालिका २ सम्ममा ट्रिगार्ड सहितको वृक्षरोपनमा २५ लाख रुपैया र मनरासिस्वा नगरपालिका १० मरुवाही स्कुलजाने बाटोमा पोखरी सिमसार संरक्षणमा २५ लाख रुपैयाको लगायत दर्जनौ योजनाको कार्य उपभोक्ता समिति मार्फत गराउने गरी उपभोक्ता समितीसँग सम्झौता भएका योजना निर्माण व्यवसायीमार्फत गराएका छन।

स्थानीय तहका वडाअध्यक्षले उपभोक्ता समिति गठन सिफरिस र कार्यसम्पन्न भएको वडाको प्रतिवेदन लेखेवापत ५ प्रतिशत रकम र डिभिजन वन कार्यालयका इन्जिनियर राजकुमार दासले ठेकेदारसंग १० प्रतिशत रकम असुल गरी गलत लगत इस्टिमेट तयार गरेको र काम अधुरो रहेकै अवस्थामा मूल्यांकन गरी रकम भुक्तानी गरेका छन । पार्कमा घेरबार, जैविक विविधता झल्कने आरसिसी बेन्च, सिमेन्ट टायल्स लगाएको पदमार्ग, बाटोको दायाँ बायाँ फूल बगैंचा, फलामे गेट जस्ता पूर्वाधार तयार नगरेका र बिरुवा नरोपेका इन्टरविक ईट धसेको, पर्खाल चर्किएका तापनि वन प्रमुख सन्तोष झा र दासले गलत प्रतिवेदन तयार गरी रकम भुक्तानी दिएका छन्। डिभिजन वन कार्यालय महोत्तरीले कागजमा कोलुवा पोखरीमा हरित पार्क निर्माण उपभोक्ता समिति अध्यक्ष इसराफिल कवारीबाट कार्य गराएको र २४ लाख भुक्तानी दिएका छन् ।सो पार्कको सम्झौता रकम २६ लाख ७४ हजार ३ सय ५७ रहेको छ। जनसहभागिताबाट लागत व्यहोर्ने २ लाख ७४ हजार ३ सय ५७ रहेको छ। त्यसतै जलसागर हरित पार्क निर्माण समितिका उपभोक्ता समितिका अध्यक्ष सुरेन्द्र साह रहेका छन् भने तस्मैया बाबा हरित पार्कका अध्यक्ष बैजनाथ कापर रहेका छन । यी योजना मात्र होईन डिभिजन वन कार्यालयबाट सञ्चालित सवै योजनाकोको काम उपभोक्ता समितिबाट निर्माण व्यवसायी प्रयोग गराई गरेका छन। सवै योजनाको सम्झौता मिति २०८० चैत्र २७ गते योजना सम्पन्न मिति २०८१ जेठ २० गते रहेका छन। तर ठोस काम हुन सकेन।

सुचना पार्टीमा देखिएको अध्यक्ष काम भएको एक दिनपनि देखिन काम कसले गर्यो भन्ने सवैले देखेकै छन ।डिभिजन वन कार्यालय महोतरीले स्थानीय निकायसँग समन्वय नगरी हचुवाको भरमा योजना बनाई बजेट विनियोजन गर्दा रकम दुरुपयोग भएको एकडारा गाउपालिकाका अध्यक्ष दिपनारायण मण्डलले बताए।

स्थानीयका अनुसार असार २३ गते नाप जाँच, मूल्याङ्कन र विलभर्पाई जम्मा गरेर र भुक्तानी मिल्यो। यो सवै सेटिङ्गमा काम भएको हो ।पार्क लगायतका योजना निर्माण गर्न नामको लागीमात्र उपभोक्ता समित गठन भएको थियो। यस कामका कति रकम निकासा भयो, निकासा कसले लियो भन्ने उपभोक्ता समित अध्यक्षहरुलाई कुनै जानकारी छैन। उनीहरुले भन्छन निर्माणका सम्पूर्ण काम गरिरहेका निर्माण व्यवसायीहरुले घरमै आएर चेकमा सहि लगारएर लग्यो।

डिभिजन वन कार्यालयका प्रमुख सन्तोष झाले जनप्रतिनिधि तथा कर्मचारीहरुले रकम हिनामिना गर्नकै लागी गाँउघरका निमुखा, गरिव, दलित र कमजोर वर्गका व्यक्तिलाई नामकैलागी उपभोक्ता समितिमा राखेर काम निर्माण व्यवसायी प्रयोग गराई कार्य गरेको स्रोतको दावी छ।

यता डिभिजन वन कार्यालयका प्रमुख सन्तोष झाले निर्माणको सम्पूर्ण काम उपभोक्ता समितिले गरेको दावी गरे। उनले मैले बुझेसम्म योजनको काम उपभोक्ता समितिले गरेको हो। उपभोक्ता समितिले ठेकेदार निर्माण व्यवसायीलाई दिएर कामगराएको भए मलाई जानकारी भएन।उनले कामको मूल्याङ्कनको आधारमा सवै योजनाको रकममात्र निकाशा भएको बताए । उनले पार्क निर्माणका लागि उपभोक्ता समिति निर्माण विवादका कारण तथा ऐन कानुनकै आधारमा निर्माण कार्य गरेको र अनियमितता नभएको स्पष्ट पारे।

जिल्लास्थित डिभिजन वन कार्यालय तथा स्थानीयतहसँग समन्वय नगरी बजेट विनियोजन गरिँदा सदुपयोग हुन सकेन। कार्यालयले ठाउँ र योजना नै किटान गरी सिधै उपभोक्ता समिति तथा ठेकेदार मार्फत योजनाको काम गर्न कार्यादेश गरेको थियो। उपभोक्ता समिति तथा ठेकेदारले काम लागत ईष्टिमेट अनुसार काम नगरेको बनमा आर्थिक अनियमितता भएको बर्दिवासका दिपु भुजेलले बताए।

उपभोक्ता समिति निर्माणमा समेत प्रदेश सरकारको मन्त्रालय र कार्यालयबाट राजनीतिक हस्तक्षेप भयो जसका कारण कयौ योजनामा समिति निर्माण हुन नसकेको र कतिपय योजनामा समिति निर्माणमा विवाद भएपछि योजना कार्यान्वयनमा समस्या भएको छ। काम अधुरै राखेर राजनीतिक दबाबमा भुक्तानी माग गर्ने परिपाटी देखिएकाले भुक्तानी रोक्दा अनेकन दबाब झेल्नुपरेको बन कार्यालयले जनाएको छ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायी संलग्न गराईएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने व्यवस्था छ।




तर बन डिभिजन कार्यालयले उपभोक्ता समिति मार्फत गराउने गरी उपभोक्ता समितीसँग सम्झौता भएका योजना निर्माण व्यवसायीमार्फत कार्यन्वयन भएको प्राप्त बिल भर्पाईबाट देखिन्छ। यसरी उपभोक्ता समिति मार्फत काम गर्ने गरि बिना प्रतिस्पर्धा काम लिने र आफुले जिम्मा लिएको काम निर्माण व्यवसायीबाट गराउन मिल्ने देखीदैन। उपभोक्ता समितिले सम्झौता गरी निर्माण गर्ने जिम्मा लिई केही योजनाहरुमा न्युन मात्रामा मात्र उपस्थित मात्रै देखाउने डोर हाजिरी संलग्न गरी प्राय कार्य सम्पन्न अनुसारकै रकमको कार्यमा निर्माण व्यवसायीको विल संलग्न गरी निर्माण व्यवसायीमार्फत कार्य गराएको नियमसंग देखिदैन।

त्यस्तै समृद्धिका लागि वन कार्यक्रममा पूजीगत तर्फ ३ लाख र चालु तर्फ ६९ लाख रुपैया बजेट विनियोजन गरिएका थिए । पूजीगततर्फ ४ दशमलव ३ प्रतिशत चालुतर्फ १३ दशमलव १७ प्रतिशत प्रगति भएको छ । पुजीगततर्फ २ लाख ९० हजार रुपैया र चालुतर्फ ९ लाख रुपैया खर्च भएको छ। चालुतर्फ ६० लाख रुपैया र पूजीतर्फ १० हजार रुपैया फ्रिज भएको छ।

चालुतर्फ समुदायमा आधारित गोष्ठी १ लाख दिगो वन व्यवस्थापन तथा सम्वर्द्धन प्रणाली कार्यान्वयन सुद्धिकरणमा २ लाख, वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन उपभोक्ता समुहहरुको तालिममा १ लाख, वन व्यवस्थापन स्थलगत अभ्यास १ लाख, उपभोक्ता समुहहरुका लागि अभिलेख तथा लेखा व्यवस्थापनमा १ लाख, डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालय र स्थानीय तहबीच अन्तरकृया समन्वयमा २ लाख र निजि वन सम्बन्धी संस्थाहरुको अभिवृद्धिमा १ लाख खर्च भएको छ।

पूजीगत तर्फ ३४ योजनामध्ये ३० वटा योजनाको कार्य सम्पन्न भएका छन भने ४ वटा योजनाको रकम फ्रिज भएको छ । ती योजनाहरुका लागि ५ करोड ७४ लाख रुपैया मध्ये ४ करोड २४ लाख ३३ हजार रुपैया खर्च भएको छ। पूजीगततर्फ ७५ दशमलव ९१ प्रतिशत प्रगति भएको वन डिभिजन कार्यालयका अधिकृत बेचु कुमार मिश्रले बताए।

महोत्तरी गापा ३ मडैदास टोलस्थित संग्रहलाय र धर्मशाला संरक्षणका लागि पोखरीमा जाली वोल्डर गर्ने कार्य २० लाख, डिभिजन वन कार्यलय भवन निर्माण ५० लाख, दुर्गा मन्दिरको प्रांगनमा हरित पार्क निर्माण, एकडारा १ मा २५ लाख, सव डिभिजन वन कार्यालयको भवन स्तरोन्नति कम्पाउन्डवालमा २० लाख डिभिजन वन कार्यालयको कम्पाउन्ड घेर्ने कार्य २० लाख फ्रिज भएको अधिकृत मिश्रले बताए । वृक्षारोपण तथा व्यवस्थापन कार्यादेश भएको तर कार्य नभएको र सोमा ७५ लाख रुपैया बजेट विनियोजन गरिएको थियो ।भवन र पर्खाल निर्माणका लागि इविडिंग सूचना प्रकाशन गरेको तर बैक ग्यारेन्टी नपुगेकाले निर्माण कार्य अगाडि नबढेकाले रकम फ्रिज भएको वन डिभिजन कार्यालयका प्रमुख सन्तोष झाले बताए।




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# हचुवा छानबिन र पूर्वाग्रही प्रतिवेदन

मधेश प्रदेश सभाले २०७९/०८० आर्थिक वर्षको एउटा छानबिन प्रतिवेदनलाई पारित गरेको छ । तत्कालीन जनता समाजवादी पार्टी(जसपा) नेपाल नेतृत्वको सरकारमा गलत प्रक्रियाबाट रकमान्तर भएको, सशर्त अनुदान बाँडिएको विषय प्रदेशसभामा उठेपछि २०८० साल असार २६ गते प्रदेशसभाले लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल मधेश प्रदेशका संसदीय दलका नेता उपेन्द्र महतोको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । सो समितिले साउन ६ गते पूर्णता पाएको थियो । दुई महिना भित्र छानबिनको प्रतिवेदन बुझाउनु पर्नेमा पटक पटक गरी ६ महिना म्याद थप गरिएको थियो । तर सो समयमा पनि समितिले प्रतिवेदन बुझाउन सकेन । जसपा नेपाल नेतृत्वको सरकार परिवर्तन भएपछि समितिका संयोजकसमेत रहेका महतोले सभामुख रामचन्द्र मण्डललाई बुझाएको प्रतिवेदन अलपत्र अवस्थामा नै रहेको थियो । लोसपासमेतको सरकार गठन भएपछि सभामुखले प्रतिवेदनलाई प्रदेशसभामा छलफल गराइ विपक्षीहरुले बहिष्कार गरेपछि सर्वसम्मतबाट पारित भएको घोषणा गरे । प्रतिवेदनमा सचिवले हस्ताक्षर गरेका छैनन् । समितिका अधिकांश सदस्यहरुले असहमति जनाएका छन् । २२ पृष्ठ लामो प्रतिवेदनमा अर्थ मन्त्रालय र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयबाट भएको रकमानन्तर र सशर्त बजेटबारे मात्र चर्चा गरिएको छ । तत्कालीन सरकारमा लोसपा पनि सहभागी रहेको थियो । पालैपालो कांग्रेस, एमाले र जनमतपनि जसपा नेतृत्वको सरकारमा थियो । छानबिन समितिले सबै मन्त्रालयको छानबिन गर्नु पर्थ्यो । त्यो प्रतिवेदनमा देखिएको छैन । रकमान्तर गर्ने पूर्ण अधिकार अर्थ मन्त्रालयलाई छ । आवश्यकता र परिस्थिति अनुसार अर्थ मन्त्रालयले रकमान्तर गर्ने अधिकार प्रदेशसभाले नै ऐन बनाएर प्रदान गरेको छ । रकमान्तर गरिएको रकमबाट तोकिएको काम भए नभएको प्रतिवेदनमा उल्लेख छैन । रकम विनियोजनलाई प्रतिवेदनमा भ्रष्टाचार र अनियमितता भनिएको छ । प्रतिवेदन पारित हुने क्रममा तत्कालीन अर्थमन्त्री सञ्जय कुमार यादवले उठाएका प्रश्नले पूर्वाग्रही ढंगले हचुवाको भरमा प्रतिवेदन तयार भएको पुष्टि गरेको छ । अर्थमन्त्री यादव र छानबिन समितिका संयोजक महतो सर्लाही जिल्लाको एउटै संसदीय निर्वाचन क्षेत्रबाट प्रदेश सभामा प्रतिनिधित्व गर्छन् । महतोले छानबिनको विश्वसनीयता बनाउन र संसदीय मर्यादा कायम राख्न छानबिनको दायरालाई फराकिलो बनाउनु पर्थ्यो । समितिका संयोजक महतोले अर्थमन्त्रीसित पूर्वाग्रही भएर सतही रुपमा मनपरी ढंगले तयार गरेको प्रतिवेदन भएको समितिका सदस्यहरुले नै आरोप लगाइसकेका छन् । प्रदेश सभाले यस्ता विषयहरुमा दलगत पूर्वाग्रहभन्दा माथि उठेर काम गर्नु पर्छ । प्रदेशसभाले गठन गर्ने समिति मर्यादित र अधिकार सम्पन्न हुने भएकाले त्यसको गरिमालाई कायम राख्न विशेष ध्यान दिनुपर्छ । छानबिन समितिले निर्धारित समय भित्र प्रतिवेदन बुझाउन नसके त्यसको औचित्य नै समाप्त हुन्छ ।

# आयुर्वेद प्रतिष्ठानको आवश्यकता



प्राडा चन्द्रराज सापकोटा

आयुर्वेद संसारकै पुरानो चिकित्सा पद्धति हो । पूर्वीय दर्शनमा आधारित यो पद्धति अहिले पनि उत्तिकै सान्दर्भिक र भरपर्दो छ । आयुर्वेद क्षेत्रको उन्नयनका लागि गरिनुपर्ने कामहरु लामो समयदेखि रोकिएको छ । स्वास्थ्यको क्षेत्रमा सबैभन्दा पुरानो विधा आयुर्वेद हो । आयुर्वेदपछि अन्य विधाहरु पनि यसमा संलग्न हुन आए । नेपालको सन्दर्भमा पनि जेठो स्वास्थ्य संस्थाका रुपमा सिंहदरबार वैद्यखानालाई लिन सकिन्छ । राजा प्रताप मल्लको पालामा स्थापना भएको यो संस्था दक्षिण पूर्व एसियाकै पुरानो संस्था हो ।

नेपालमा शिक्षा दिने संस्थाका रुपमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको आयुर्वेद क्याम्पस कीर्तिपुरमा छ । आयुर्वेदका विधाहरुलाई ७७ वटा जिल्लामा सञ्चालन गर्न आयुर्वेद विभाग छ । चिकित्साका लागि केन्द्रीय चिकित्सालयका रुपमा आयुर्वेद चिकित्सालय नरदेवीमा छ । यी सबै संस्थाहरु जुन रुपमा चल्नुपर्ने हो, त्यो चलेको अनुभूति गर्न पाइएको छैन । यसो हुनुको मुख्य कारण आयुर्वेद क्षेत्रमा राजनीतिक हस्तक्षेप धेरै हुनु हो । दुई/चार महिनामै मन्त्री फेरिने र यसले योग्यभन्दा पनि आफ्नो कार्यकर्तालाई ती निकायहरुको जिम्मेवारी दिने प्रवृत्तिले संस्थाहरु दिन प्रतिदिन धराशयी बन्दै गएका छन् ।

आयुर्वेद शिक्षा २०२९ सालभन्दा अगाडि नेपाल सरकारबाट सञ्चालित हुँदाखेरि पूर्वमध्यमा, शास्त्री र आयुर्वेदाचार्यसम्मको पठनपाठन नरदेवीमा नै भएको थियो । विसं २०२९ मा नयाँ शिक्षा ऐन लागू भएपछि इन्स्टिच्युट अफ मेडिसिनअन्तर्गत आयुर्वेदलाई पनि लिएर जाने भनेर नीति ल्याइयो । जुन इन्स्टिच्युट अफ मेडिसिन २०२९ सालमा बनेपछि आचार्यसम्म भएको पठनपाठनलाई तल झारियो । आयुर्वेदको एउटा मात्रै विधा नरदेवीमा कायम राखियो भने एलोपेथीको विधा महाराजगञ्जमा सारियो । त्यो बेला आयुर्वेदतर्फ आयुर्वेद तथा जनरल मेडिसिन, एलोपेथीको जनरल मेडिसिन, फार्मेसी, रेडियोग्राफी, नर्सिङसहितका पाँचवटा विधा थियो ।

एलोपेथीतिर अहिले एमबिबिएस गरेपछि पिजी, एमडी, एमएस, डिएमसम्म २९ वटा विधा छन् । आयुर्वेदमा बिएएमएस गरिसकेपछि २२ वटा विधामा एमडी गर्न सकिने व्यवस्था छ तर अहिले काया चिकित्सा भन्ने विषयमा मात्रै एमडी छ । अरू त्यहाँ पठनपाठन छैन । आयुर्वेदमा अन्य विधाहरु सञ्चालन गर्न हामीले निकै प्रयत्न गरियो । नेपालमा आयुर्वेदको जनशक्ति आवश्यकता भए पनि नीतिगत रुपमा नै त्रिभुवन विश्वविद्यालय र नेपाल सरकारले यसका अन्य विधाहरु ल्याउन सकेन ।

नेपाल यति धनी देश हो, जसको समायोजन र व्यवस्थापन राजनीतिक रुपमा हुन सकेन । नेपालमा हिमाल, पहाड तराईमा हुने जडीबुटीहरु प्रशस्त छन् । वनसँग समन्वय गरेर ती जडीबुटीबाट हामीले नेपालभित्रै उद्योगहरु बनाएर आयुर्वेदिक औषधि उत्पादन गर्न सक्छौँ । यसका लागि सबैभन्दा पहिला शिक्षा आवश्यक पर्छ ।

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनमा पठनपाठन, आयुर्वेद अनुसन्धान, जडीबुटी उत्पादन तथा औषधि निर्माण, शिक्षण चिकित्सालयको पठनपाठन, व्यवस्थापन गर्ने एउटा अध्ययन संस्थानको स्थापना गर्नुपर्छ भन्ने उल्लेख छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ मा प्राडा बल्लवमणि दाहालको संयोजकत्वमा गठन गरिएको समितिले बुझाएको प्रतिवेदनमा शिक्षा कस्तो हुने भन्ने विषयमा उल्लेख गर्दै आयुर्वेद चिकित्सालयका लागि आवश्यकमध्ये दक्ष र कर्तव्यनिष्ठ विभिन्न स्तरको जनशक्ति उत्पादन गर्न त्रिभुवन विश्वविद्यालयमा तत्कालै र जडीबुटीलाई व्यवस्थित, मर्यादित र आयआर्जन गर्नका लागि अरू क्षेत्रबाट पनि गर्न सकिने प्रावधान राखिएको थियो । त्यसैको आधारमा स्वास्थ्य मन्त्रालयले वीर अस्पताल प्रतिष्ठान र आयुर्वेद प्रतिष्ठान पनि चाहिन्छ भनेर सुरु गरेको कुरा हो ।

सो प्रतिवेदनले आयुर्वेद शिक्षालाई नेपालको जडीबुटीलाई व्यवस्थापन गर्नका लागि इन्स्टिच्युट अफ आयुर्वेदको अवधारणा ल्याएर जाने, इन्स्टिच्युट अफ मेडिसिनले यसलाई समेट्न सकेन भनेर प्रतिवेदनमा उल्लेख गरेको थियो । हामी आयुर्वेद चिकित्सक सङ्घमा रहँदा पनि त्यो विषयलाई जोडतोडका साथ उठायौँ विसं २०५० मा प्राध्यापक डा एलएम (लोकेन्द्रमान) सिंहको संयोजकत्वमा कमिटी बन्यो र त्यो कमिटीले दिएको प्रतिवेदनमा राष्ट्रिय आयुर्वेद चिकित्सा पद्धति भनेर नीति दिएको थियो । त्यो नीति एक/डेढ वर्ष त्यतिकै थन्कियो । पछि २०५१ सालमा फेरि सरकार परिवर्तन भएर आएपछि पास भयो ।

तत्कालीन स्वास्थ्यमन्त्री अर्जुननरसिंह केसीको कार्यकालमा आएको नीतिमा सर्वप्रथम शिक्षाको उन्नयनका लागि इन्स्टिच्युट अफ आयुर्वेद बनाउने भनेर लेखिएको छ । पहिले त्रिभुवन विश्वविद्यालयअन्तर्गत बनाउने अनि त्यो सम्पन्न भएपछि दोस्रोमा नेपाल संस्कृत विश्वविद्यालयमा पनि इन्स्टिच्युट अफ आयुर्वेद बनाउने भनेर त्यो नीतिमा स्पष्टरुपमा लेखिएको छ । नेपाल संस्कृत विश्वविद्यालयको इन्स्टिच्युट अफ आयुर्वेद भयो तर त्यहाँ जनशक्तिको अभाव देखियो । अनि त्यो पारित भएको प्रतिवेदनमा उल्लेख गरेको छ ।

त्यो प्रतिवेदन पारित भएर त्रिभुवन विश्वविद्यालयको सिनेटमा गएपछि त्यसबेलाको शिक्षामन्त्री गिरिराजमणि पोखरेलसँग भेटेर कुरा राख्यौँ । त्यतिबेला उहाँले योगमाया आयुर्वेद विश्वविद्यालय बनाउने क्रममा रहेको बताउनुभयो । योगमाया आयुर्वेद विश्वविद्यालयका लागि पनि जनशक्ति पनि चाहिन्छ र त्यो जनशक्ति एकदिनमै तयार नहुने हुँदा आयुर्वेद क्याम्पसले यता तयार गर्दै जान सकिने हाम्रो सुझाव थियो । आयुर्वेदभन्दा बाहिरका आफ्ना गोजीका व्यक्तिलाई समिति र संयोजक बनाएका कारण अहिलेसम्म आयुर्वेद विश्वविद्यालय बन्ने योजना त्यतिकै थन्किन पुग्यो ।

आयुर्वेदको शिक्षाको नियोजन गरेर कसैलाई पनि फाइदा भएको छैन । अहिले आयुर्वेदमा पनि २२ वटा विषयमा विशेषज्ञता छ र आयुर्वेद परिषद्मा पनि विभिन्न १५ वटा विषयका आयुर्वेद चिकित्सहरु दर्ता भएर कार्यरत छन् । ती सबै विषयको अध्ययन यहाँ नेपालमा छैन । नेपालमा बिएएमएस र काया चिकित्सामा एमडी आयुर्वेदको पढाइ भएको छ । बाँकी विषयमा बाहिर गएर पढेर आएर यहाँ दर्ता भएका छन् । म आयुर्वेद परिषद्‌को पनि अध्यक्ष र आयुर्वेद क्याम्पसको विभागीय प्रमुखको साथै आयुर्वेद क्याम्पस सञ्चालक समितिको अध्यक्ष रहेको बेला भारतलाई पत्र लेखेर हाम्रो कोर्षलाई आधिकारिता प्रदान गरिदेऊ, हाम्रा विद्यार्थीले पढ्न पाएनन् भन्यौँ । काउन्सिलले पत्र लेखेपछि डिन कार्यालयले भारत सरकार र काउन्सिललाई पत्र पठायो । आयुर्वेदप्रति भारत पनि सकारात्मक भएको कारणले अहिले आयुर्वेदको १५ विषयमा पिजी गर्ने व्यवस्था भारतमा छ र त्यहाँ पढेर आएपछि यहाँ दर्ता पनि छन् तर त्यो चीज हामीले यहाँ किन गर्न नसक्ने ? त्यसो भएको हुँदा यो विषयलाई उठान गर्नुपऱ्यो भन्ने लागेको हो ।

> नेपालको जडीबुटीलाई प्रशोधन गर्न भारतसँग गुहार माग्नु पर्दैन । अहिले रामदेवसँग गुहार मागिएको छ । उनले यहाँ कस्तो अवस्था बनाएका छन् त्यो सरकाले बुझ्दैन । एउटा विदेशी आयो भने त्यसलाई काँध चढाएर हिँड्ने नेताहरुले हामी नेपालीहरुमा कसको खुबी के छ, कसले के गर्न सक्छ भनेर खोज्न नसक्ने भएका छन् । स्वाभिमान मान्छे मलाई यो चाहियो भनेर हिँड्दैन । ज्ञान र सीप भएका व्यक्तिलाई सरकारले खोजेर काम लिन सक्नुपर्छ, तब मात्रै आयुर्वेदको क्षेत्रमा परिवर्तन आउन सक्छ ।

नीतिमा काउन्सिलको कुराहरु छन् । चिकित्सक सङ्घले परिषद् गठन गर्न र नीतिहरु पूरा गर्न दबाब दिएपछि परिषद् गठन भयो । परिषद् आएपछि अहिले पनि परिषद् मौजुदा छ । हामी आयुर्वेदको चिकित्सकहरुको दर्ता पनि त्यही परिषद्मा हुन्छ । त्यो समयमा अति मेहनत गरेपछि परिषद् आयो र अहिले आयुर्वेद चिकित्सकहरुको दर्ता प्रक्रिया चलिरहेको छ ।

त्यस्तै, इन्स्टिच्युट अफ आयुर्वेद नबनेसम्म जनशक्ति पूरा हुँदैन भन्ने हिसाबले लागिरह्यौँ तर आयुर्वेद क्याम्पस प्रशासन जसरी लाग्नुपर्ने हो, त्यसरी लाग्न सकेन । त्रिभुवन विश्वविद्यालयमा प्रा तीर्थ खनियाँ उपकुलपति भएर आएपछि उहाँलाई इन्स्टिच्युट अफ आयुर्वेद गठन गर्न दबाब दियौँ । त्यो बेला प्रधानमन्त्री केपी शर्मा ओली र शिक्षामन्त्री गिरिराजमणि पोखरेल हुनुहुन्थ्यो । उहाँहरुले मेरो आफ्नै संयोजकत्वमा कमिटी गठन गर्नुभयो । कमिटीले बुझाएको प्रतिवेदनमा आयुर्वेदमा पनि २२ वटा विषयमा विशेषज्ञता हासिल गर्न सकिन्छ भन्ने विषय उल्लेख थियो । काया चिकित्सा (जनरल मेडिसिन आयुर्वेद), पञ्चकर्म (स्वधन चिकित्सा आयुर्वेद), सल्य चिकित्सा (सर्जरी आयुर्वेद), सालक्य मुख तथा दन्त रोग, कौमारभृत्य (बाल रोग आयुर्वेद), स्त्री प्रसूति, मनोविज्ञान एवम् मानसरोग (साइक्याट्रिक आयुर्वेद), रोग निदान एवम् विकृति विज्ञान (ल्याब आयुर्वेद), अगततन्त्र एवम् व्यवहार आयुर्वेद, द्रव्यगुण विज्ञान, रसशास्त्र, भैसज्य कल्पना (फार्मेसी), स्वस्थवृत (प्रिभेन्टिभ मेडिसिन आयुर्वेद), शरीर रचना (एनाटोमी आयुर्वेद) आदि गरी २२ वटा विषयको विशेषज्ञता हासिल गर्न सकिने भनेर

अहिले विशेष गरेर क्याम्पसले यस विषयलाई उठान गरेर लिएर जानसक्ने अवस्था र वातावरण देखिँदैन । यतिबेला आयुर्वेद क्याम्पस प्राध्यापकविहीन छ । यहाँ भएका प्राध्यापकहरु सेवानिवृत्त भए । अब अहिले त्यहाँ भएका जनशक्ति राजनीतिक दलका कार्यकर्ता जस्ता भएका छन् । सबैले आफू अमुक दलका हो भनेर जाने गरेका छन् । शैक्षिक क्षेत्रमा त्यसरी राजनीतिक कार्यकर्ता भएर चल्दैन । शैक्षिक रुपमा तटस्थ भएर काम गर्नुपर्ने हुन्छ । २०५९/६० सालतिर इन्स्टिच्युट अफ आयुर्वेद हुन नसक्ने अवस्थामा हामीले यता वीर अस्पताल प्रतिष्ठान बन्न सक्छ भने आयुर्वेद प्रतिष्ठान किन नबन्ने भन्ने अवस्थामा मन्त्रालयमा कुरा उठिसकेपछि मन्त्रालयले एउटा प्रस्तावना राष्ट्रिय आयुर्वेद प्रतिष्ठानको अवधारणाको लेख्नका लागि तयारी गऱ्यो ।

प्रस्तावना लेखियो, तयार पनि भयो, त्यसलाई पास पनि गरियो । आयुर्वेद प्रतिष्ठान खोल्ने भनी आधिकारिक निर्णय पनि भयो तर त्यो थन्किएर बस्यो । नरदेवी आयुर्वेदिक चिकित्सालयमा राख्ने गरी निर्णय पनि भएको थियो । किनभने प्रतिष्ठान बनाउनका लागि अस्पताल आवश्यक पर्छ, त्यसैले नरदेवीमा राख्ने निर्णय पनि भयो । त्यसको समन्वय आयुर्वेद क्याम्पस, आयुर्वेद रिसर्च सेन्टर, सिंहदरबार वैद्यखानासँग गर्ने भन्ने अवधारणामा त्यसलाई पास गरियो तर कार्यान्वनमा आएको छैन । जनशक्ति पनि नेपालका लागि आवश्यक छ । यसका लागि धेरै ठूलो भौतिक पूर्वाधारको निर्माणतर्फ पनि जानु पर्दैन ।

वीर अस्पतालको पूर्वाधारलाई लिएर प्रतिष्ठान बनेको छ । जुम्ला, पोखरा, धरानलगायत धेरै ठाउँमा यस्ता प्रतिष्ठानहरु बनेका छन् । त्यही अभ्यासका आधारमा आयुर्वेदको दक्ष जनशक्ति तयार गर्नका लागि आयुर्वेदका सबै क्षेत्रलाई लिएर आयुर्वेद प्रतिष्ठान स्थापना गरेर अगाडि बढ्न आवश्यक छ । अहिले कुनै दाग नलागेको र धेरैले आशा गरेको व्यक्ति प्रदीप पौडेल स्वास्थ्यमन्त्री बन्नुभएको छ । उहाँले यसतर्फ ध्यान दिएर मुलुकलाई फाइदा पुग्ने निर्णय गर्नुहुनेछ भन्ने विश्वास धेरैको छ । त्यसका लागि जस्तोसुकै सहयोग गर्न तयार छौँ । अहिलेको मौजुदा जनशक्तिबाट पनि यो काम गर्न सम्भव छ ।

आयुर्वेद शिक्षाकै कुरा गर्दा योगमाया आयुर्वेद विश्वविद्यालय बनाउने कुरा पनि त्यतिकै सेलाएर गरेको छ । भारतमा स्वास्थ्यलाई चाहिने जनशक्ति स्वास्थ्यले नै तयार गरेको छ । आयुर्वेद विभागले पनि आयुर्वेदतर्फको जनशक्ति सबै जिल्लामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र छन्, प्रत्येक पालिकामा आयुर्वेद औषधालयहरु राख्ने कार्यक्रम थियो । ती ठाउँमा पनि जनशक्ति राख्नुपर्ने हुन्छ । प्रतिष्ठान सञ्चालनका लागि आयुर्वेद विभागले पनि यसलाई पहल गर्नुपर्ने आवश्यकता छ । आयुर्वेदमा दक्ष जनशक्ति नभई सेवा हुँदैन ।

अर्को पाटो सिंहदरबार वैद्यखानाको छ । नेपालको जडीबुटीहरु नेपालमै उद्योग स्थापना गरेर जानुपर्ने हुन्थ्यो । वैद्यखानामा समिति भएर काम हुँदा त्यसले जति राम्रो काम गऱ्यो त्यहाँ बाहिरबाट मान्छे खोजेर लिएर जाँदाखेरि त्यो काम गर्न सकेन । यस्ता ठाउँहरुमा विज्ञ व्यक्ति पठाउनुपर्छ, मन्त्रीको गोजीबाट पठाउने होइन । विषय विज्ञलाई उसको कार्यकालसम्म राजनीतिक हस्तक्षेप नगरी उसको कार्यकुशलता देखाउने अवस्था सिर्जना गर्नुपर्छ । त्यहाँ भएका उपकरण खिया लागेर गइसके, अहिले औषधि बन्दैन । सिंहदरबार वैद्यखाना हाम्रो इतिहास हो, दक्षिण पूर्वी एसियाको जेठो संस्था हो । झन्डै तीन सय ७५ वर्षभन्दा पुरानो संस्था हो । यो संस्थाको साख राख्न त्यहाँ विषयविज्ञ लगेर सञ्चालन गराउनुपर्छ । नेपालमा भएका जडीबुटीहरु सरकारले सङ्कलन गरेर औषधिका रुपमा उपयोगमा ल्याउनुपर्छ । अहिले नेपालको वनबाट पूर्वमा सङ्कलन भएका जडीबुटी भारतको पटनामा जाने गरेको छ । त्यहाँ ठूलो सङ्ग्रहालय छ । त्यहाँ हिमालबाट बनेको जडीबुटी भनेर राखिएको छ ।

त्यस्तै, नेपालको पश्चिमतिर सङ्कलन भएका जडीबुटीहरु दिल्लीको लालकिल्लाको पश्चिमपट्टि खारीबोली भन्ने ठाउँमा राखिएका छन् । नेपालमा भएका जडीबुटीहरु उखेलेर भारततर्फ पुऱ्याइएको छ । जङ्गलमा कुरिलो खोज्दा अहिले नपाउने अवस्था छ । कुरिलोबाट साह्रै तागतिलो औषधि बन्छ, विशेषगरी बूढाबूढीले खाने औषधि बन्छ । अहिले यहाँ हामीकहाँ तरकारी खाने कुरिलो छ तर औषधीय गुणले भरिएको जमिनमुनिको जरा खाने कुरिलो लोप हुने अवस्थामा पुगिसकेको छ । अझै पनि नेपालका हिमाली, पहाडी र तराई क्षेत्रमा धेरै जडीबुटीहरु छन् । अहिलेको बजेटमा कस्तुरीपालनको कुरा आएको छ, यो भने निकै राम्रो कुरा हो । म वैद्यखानामा छँदा हिमाली क्षेत्रमा कस्तुरीपालन गर्नुपर्छ भनेर जग्गा खोजिएको थियो ।

नेपालको जडीबुटीलाई प्रशोधन गर्न भारतसँग गुहार माग्नु पर्दैन । अहिले रामदेवसँग गुहार मागिएको छ । उनले यहाँ कस्तो अवस्था बनाएका छन् त्यो सरकाले बुझ्दैन । एउटा विदेशी आयो भने त्यसलाई काँध चढाएर हिँड्ने नेताहरुले हामी नेपालीहरुमा कसको खुबी के छ, कसले के गर्न सक्छ भनेर खोज्न नसक्ने भएका छन् । स्वाभिमान मान्छे मलाई यो चाहियो भनेर हिँड्दैन । ज्ञान र सीप भएका व्यक्तिलाई सरकारले खोजेर काम लिन सक्नुपर्छ, तब मात्रै आयुर्वेदको क्षेत्रमा परिवर्तन आउन सक्छ । (आयुर्वेद चिकित्सा विज्ञानका विज्ञ प्राडा सापकोटासँग राससका परासी समाचारदाता टेकराज पोखरेलले गर्नुभएको कुराकानीमा आधारित)रासस

# शेयर बजारको उत्साह कायम रहला ?



रिसव गौतम

शेयर बजारमा केही वर्ष अघिसम्म ८० प्रतिशतभन्दा ज्यादा हिस्सा बैङ्क-वित्तीय संस्था र इन्स्योरेन्स कम्पनीहरुले ओगटेको थिए । बैङ्क-इन्स्योरेन्स जस्तो मुद्राको मात्रै कारोबार गर्ने सेवामूलक क्षेत्रको शेयर बजारमा अहिले हिस्सा घटेर ६३.८ प्रतिशतमा झरेको नेपाल स्टक एक्चेन्जको (नेप्से) तथ्याङ्क छ । खासगरी शेयर बजारमा जलविद्युत् कम्पनीहरुको उपस्थिति बढिरहँदा बैङ्कहरुको हिस्सा घटेको देखिन्छ ।

पछिल्ला वर्षहरुमा जलविद्युत्सहित अरू उत्पादनमूलक कम्पनीहरुले पनि सर्वसाधारणलाई शेयर जारी गरेर पैसा सङ्कलन गरिरहेका छन् । त्यसकारण पनि पुँजी बजारमा बैङ्क-बीमा क्षेत्रको प्रभुत्व घटिरहेको छ । बैङ्क-बीमा क्षेत्रमा केही वर्षयतादेखि चलेको मर्जर तथा प्राप्तिको अभियानले पनि संख्या घटाउन काम गरेको छ । खासगरी शेयरको दोस्रो बजारमा कुनै एउटा समूहको मात्रै प्रभुत्व रहँदा जोखिम हुने बुझाइ छ । त्यसमा वास्तविक क्षेत्र भनेर बुझिने जलविद्युत् जस्तो उत्पादनमूलक क्षेत्रको प्रवेश बढिरहनु शुभसङ्केत नै हो । किनकि नेपालको अर्थतन्त्रमा सबैभन्दा सम्भावनाको क्षेत्र भनेको पर्यटन र ऊर्जा क्षेत्र नै हो । हामीले यस क्षेत्रको विकास विस्तारबाट अपार लाभ लिन सक्ने सम्भावना छन् ।

पछिल्ला समय नेप्सेमा पर्यटन, सिमेन्ट, कृषिलगायत क्षेत्रको पनि प्रवेश बढिरहेको छ । यद्यपि हाल नेप्सेमा १२ वटा समूहगत परिसूचक मापन गर्ने गरिएको छ । वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी, बीमा कम्पनी, म्युचुअल फन्ड, होटल, उत्पादन तथा प्रशोधन, व्यापार, जलविद्युत् र अन्य समूहका परिसूचकहरुलाई नेप्सेले गणना गर्छ ।

यसरी शेयर बजारमा क्रमशः क्षेत्रगत विविधता बढिरहेको देखिन्छ । यसले शेयर बजारमा लगानीको आकर्षण र उपस्थिति समेत बढाएको छ । विगतमा विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारी, रुस-युक्रेनबीच चलेको युद्धको विश्वव्यापी प्रभाव र विश्वव्यापी रुपमा आर्थिक क्षेत्रमा देखिएको मन्दी तथा असन्तुलनले नेपालको शेयर बजारमा पनि ठूलो असर परेको हो । आर्थिक असन्तुलन, सरकारको पुँजीगत खर्चको दयनीय अवस्था, तरलता सङ्कटको कारण बढेको ब्याजदर र शेयर बजारप्रति नेपाल राष्ट्र बैकको कसिलो नीतिका कारण विगतमा बजार घटेको हो । एक हजार आठ सय अङ्कबाट पनि तल झरिसकेको नेप्से परिसूचकाङ्क अहिले भने हालै आएको आव २०८१/८२ को मौद्रिक नीतिले बजार दुई हजार आठ सय अङ्कको छेउछाउ आइसकेको छ । अब क्रमशः शेयर बजार उकालो लाग्ने धेरै आधार तय भएका छन् ।

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि सार्वजनिक गरेको नीति कार्यक्रममा पनि शेयर बजारको संरचनागत सुधार गर्ने, कसिलो नीतिहरुमा पुनःविचार गर्दै गैरआवासीय नेपालीलाई पनि शेयर बजारमा प्रवेश गराउने र पुँजी बजारको भरपर्दो विकास गर्ने नीति लिएको छ । त्यसले लगानीकर्तामा एक खालको उत्साह थपेको देखिन्छ । वर्तमान सरकार गठनसँगै आएको मौद्रिक नीतिले संस्थागत लगानीकर्ताहरुका लागि २० करोडको क्याप हटाएको छ । शेयर धितो कर्जाका लागि प्रोत्साहन गरेको अवस्था छ । यसले गर्दा बजार बढिरहेको देखिन्छ ।

केही हप्तायता बजार निरन्तर बढिरहँदा शेयर बजार पुँजीकरण पनि बढेको छ । २०८१ साउन २१ गते सोमबारको कारोबारको आँकडाअनुसार शेयर बजार पुँजीकरण रु ४४ खर्ब ३८ अर्ब नाघेको छ । जुन कुल ग्राहस्थ्य उत्पादनको आकारभन्दा रु १४ खर्ब मात्र कम हो । कुनै बेला अर्थात् तीन हजार तीन सय अङ्कमा मार्केट पुगेको बखत रु ४० खर्बको पुँजीकरण भएको शेयर बजार अहिले नेप्सेमा थपिएका कम्पनीहरुका कारण रु ४४ खर्ब पुगेको छ । खासगरी शेयर बजार जिडिपीकै हाराहारी हुनुपर्ने विश्वव्यापी मान्यता रहे पनि नेपालमा सबै उद्योग, व्यवसाय नेप्सेमा सूचीकृत नभएको कारण त्यो नभएको देखिन्छ तर पनि पछिल्ला समय नेप्सेमा सूचीकृत हुने कम्पनीहरु बढिरहेका देखिन्छन् ।

नेपालको शेयर बजारको दायरा फराकिलो र पुँजीको पैमान पनि बढिरहेको छ । यसले नै वास्तवमा शेयर बजारको सुदूर भविष्य उज्ज्वल रहेको देखाउँछ । खासगरी पछिल्लो दशक नेपालमा पनि शेयर बजारप्रति आमसर्वसाधारणको बुझाइ परिवर्तन भएको छ । यस क्षेत्रलाई सबैले सकारात्मक दृष्टिले हेर्न थालेका छन् । वास्तवमा कुनै पनि देशको अर्थतन्त्रको अवस्थाको चित्र शेयर बजारले नै




दर्साउछ । त्यसकारण पनि शेयर बजारलाई देशको अर्थतन्त्रको ऐना भनिएको हो । ठूल-ठूला उद्योग तथा व्यवसाय स्थापना तथा सञ्चालन गर्न पुँजीको सङ्कलन गर्ने महत्वपूर्ण माध्यम हो पुँजीबजार । त्यसकारण अर्थतन्त्रलाई विस्तारित गर्न र अघि बढाउन पुँजीबजारको महत्वपूर्ण भूमिका हुने गर्छ । सो तथ्य आमराजनीतिक नेतृत्व, कर्मचारीतन्त्रले बुझ्न जरुरी छ ।

अहिले नेपालमा शेयर किनबेचका लागि डिम्याट खाता खोल्नेहरुको संख्या २०८० चैतसम्ममा ६२ लाख नाघिसकेका छन् । त्यसमा महिलाको संख्या नै २६ लाख नजिक पुगेको तथ्याङ्क छ । यद्यपि आर्थिक मन्दी, तरलता सङ्कटलगायत कारण शेयर बजार सुस्ताउँदा अहिले शेयर बजारका सक्रिय लगानीकर्ता २०-२२ लाख रहेका छन् । जेहोस् पछिल्लो वर्षहरुमा नेपालमा शेयर बजारप्रति बढेको आकर्षण उत्साहप्रद हो । यसले सम्भावना भएका उद्योग, व्यवसायले आइपिओ मोडलमा आवश्यक लगानी जुटाउन सक्ने आधार दिएको छ ।

पछिल्लो समय सरकारले बढेको ब्याजदरलाई घटाउन निरन्तर प्रयास गरेको देखिन्छ । त्यसमा बैङ्कको चर्को ब्याजदरविरुद्ध व्यसायीहरुले गरेको आन्दोलनले ठूलो दबाब परेको हो । बैङ्कहरुको ब्याजदर घट्दा त्यसको प्रत्यक्ष प्रभाव शेयर बजारमा पर्छ । तरलता सहजताको अवस्था हुँदा र बैङ्कको ब्याजदर घट्दा विगतदेखि नै शेयर बजार बढ्ने गरेको दखिन्छ । त्यसकारण आगामी दिनहरुमा बजार झनै बढ्दै जाने आधार तय भएको छ । खासगरी बजेटलगत्तै आएको मौद्रिक नीतिले पनि शेयर बजारलाई उत्साह दिएको छ । शेयर बजारलाई कता डोऱ्याउने भन्ने कुरामा मौद्रिक नीतिको धेरै भूमिका हुनेगर्छ । यद्यपि मौद्रिक नीति सरकारको बजेट तथा नीति कार्यक्रमलाई सघाउन ल्याउने गरिन्छ ।

विगतका वर्षहरुमा मौद्रिक नीतिमा शेयर बजार र घरजग्गाप्रति कसिलो बनाइएकामा यसपटक धेरै नै खुल्ला गर्ने गरी प्रोत्साहनकारी रुपमा मौद्रिक नीति आयो । मौद्रिक नीति बैङ्क तथा वित्तीय संस्थाहरुका लागि पनि केही खुकुलो गरी आयो । फलस्वरुप शेयर बजारमा हरियाली छाएको देखिन्छ । गत वर्षहरुमा राष्ट्र बैङ्कले मौद्रिक नीतिमार्फत शेयर धितो कर्जामा १२ करोडसम्मको क्याप लगाएको हो । ४-१२ को नीतिले पनि शेयर बजारको गतिशीलतालाई कमजोर बनाएको हो । अहिले ती व्यवस्था हटाइएको छ । फलस्वरुप शेयर कारोबारको 'भोलुम' र नेप्से परिसूचक निरन्तर बढिरहेका छन् । विगतमा तीन हजार तीन सय अङ्कको नेप्से परिसूचकाङ्क पुगिरहँदा बजारमा एकै दिन रु २१ अर्ब ६४ करोड ७६ लाखसम्मको कारोबार भएको हो । अहिले त्यो रेकर्डसमेत 'ब्रेक' भएर नेप्सेमा झन्डै रु २२ अर्ब (रु २१ अर्ब ९१ करोडसम्म) करोबार भएको छ । यसरी बजारमा एउटा खालको आत्मविश्वास देखिएको छ । यसले समग्रमा आशा जगाएको छ ।

वित्तीय बजारमा तरलता सहजताको अवस्था सिर्जना भएको छ । मुलुकको आर्थिक अवस्था तथ्याङ्कीय हिसावले सबल बन्दै गएको अवस्था छ । नेपाल राष्ट्र बैङ्कका गर्भनर महाप्रसाद अधिकारीले नै अर्थतन्त्र तथ्याङ्कीय रुपमा सबल बन्दै गएकाले बजारमा त्यसको सकारात्मक प्रभाव क्रमशः पर्दै जाने बताउनु भएको छ । ब्याजदर घटिरहेको छ । त्यसकारण शेयर बजार उकालो लागिरहने देखिन्छ । शेयर बजार एउटा लगानीको उत्तम माध्यम हो भन्ने आमसर्वसाधारणले बुझिसकेका छन् । कतिपय नेताहरुले विगतमा शेयर बजार जुवाको खाल हो, अनुत्पादक क्षेत्र हो भने पनि अहिले उनीहरुले समेत आफ्ना बुझाइ सच्च्याएका छन् । त्योभन्दा बढी सर्वसाधारणले नै शेयर बजारमा उत्साहप्रद सहभागिता देखाएर पुँजीबजारप्रति सकारात्मक दृष्टिकोण रहेको दर्शाइरहेका छन् ।

सरकारले पनि शेयर बजारप्रति अत्यन्त प्रोत्साहनकारी नीति देखाउन जरुरी छ । शेयर बजारले आमसर्वसाधारणलाई अर्थशास्त्रको बचतको सिद्धान्त सिकाउँछ । अलिअलि भएको पैसाले आइपिओ भर्ने, शेयर किन्ने गर्दा मान्छेले पैसाको महत्व र त्यसको पुँजीकरणको भेउ थाहा पाउँछन् । अहिले शेयर बजारमा धेरै मान्छेहरु आकर्षित भएका, लागेकाले धेरैलाई यस क्षेत्रले रोजगारी र अवसर पनि दिएको छ । खासगरी नेपाली समाजमा विगतमा गृहिणीको उपमा दिएका महिलाहरुको संख्या नै शेयर बजारमा ४२ प्रतिशत पुग्नुले आर्थिक क्षेत्रमा महिलाहरु कति सशक्त रुपमा आइरहेका छन् भन्ने पनि दर्शाउँछ । अर्को शेयर बजारबाट सरकारले रु १५ अर्बसम्म कर विगतमा पाएको हो । त्यसकारण सरकारले पुँजीबजारको विकास, उन्नयनमा जोड दिनुपर्छ । पुँजी बजारको विकासमा ध्यान दिन नसके सरकारको आर्थिक समृद्धिको नारा गफमा सीमित हुन्छ । (लेखक आर्थिक लेखक तथा विश्लेषक हुनुहुन्छ)

# अघि बढ्यो सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन प्रक्रिया

काठमाण्डु । प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानव अधिकार समितिबाट सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक सर्वसम्मत पारित भएपछि ऐन संशोधन प्रक्रिया अघि बढेको छ । लामो प्रयासपछि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक (तेस्रो संशोधन) २०८१ को प्रतिवेदन आज समितिबाट सर्वसम्मत पारित भएपछि ऐन संशोधन प्रक्रिया अघि बढेको हो ।



उक्त विधेयकमा सहमति हुन नसकेका विषयमा राजनीतिक रुपमा गठन गरिएको तीन दलीय विधेयक सहजीकरण कार्यदलले जुटाएको सहमतिअनुसार कानुन मन्त्रालयले प्रस्ताव पेस गरेको थियो ।प्रस्तावमाथिको छलफलपछि समितिका सभापति विमला सुवेदीले समितिको प्रतिवेदनसहित विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो । बैठकमा उहाँले प्रतिनिधिसभाको अब बस्ने बैठकमा विधेयकको प्रतिवेदन पेस गर्ने वातावरण बनाउन सभामुखलाई पत्र लेखेर आग्रह गरिने बताउनुभयो ।

संसद्को आगामी बैठक यही साउन २९ गतेका लागि तोकिएको छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयमा जुटेको सहमतिले दिगो शान्तिका लागि सकारात्मक सन्देश दिएको र पीडितलाई न्याय दिने गरी विधेयक आएको बताउनुभयो ।समितिका सदस्यहरुले विधेयकमाथिको छलफलमा पीडितलाई न्याय दिने गरी आएको भन्दै यसलाई ढिला नगरी प्रतिनिधिसभाबाट पास गरेर कार्यान्वयनमा अघि बढाउनुपर्नेमा जोड दिनुभएको थियो ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा सहमति जुट्न नसकेका विषयमा टुङ्गो लगाउन गठित कार्यदलले प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बुधबार प्रतिवेदन बुझाएको थियो ।कार्यदलले बुझाएको प्रतिवेदनमा मुख्य गरी चारवटा विषय मानव अधिकारको गम्भीर उल्लङ्घनको परिभाषा, मेलमिलापका लागि स्वतन्त्र सहमति हुन नसकेका घटना, सशस्त्र द्वन्द्वमा जोडिएका तथा प्रभावित व्यक्तिहरू र मृत्यु भएका, घाइते तथा अपाङ्गता भएका सुरक्षाकर्मी वा उनीहरूका परिवार र द्वन्द्ध प्रभावितलाई घटी सजायको माग दाबी रहेका थिए ।

द्वन्द्वकालमा भएको हत्यालाई कसरी परिभाषित गर्ने भन्ने विषय लामो समयदेखि विवादित रहँदै आएकाले समितिमा कुनै ठोस् सहमति हुन सकेको थिएन । विधेयक सहजीकरण कार्यदलले मनसायपूर्वक अथवा स्वेच्छाचारीपूर्वक गरिएको हत्यालाई मानव अधिकारको गम्भीर उल्लङ्घनमा राख्ने सहमति जुटाएको थियो ।विधेयकमा गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनामा सहमतिका लागि पीडितको सहमति अनिवार्य गरिएको छ । द्वन्द्वकालमा मारिएका तथा घाइते भएका सुरक्षाकर्मीको परिवारलाई पीडित सरह परिपूरण दिने, बहिगर्मित लडाकूलाई द्वन्द्व प्रभावितका रुपमा परिपूरण दिने सहमति भएको छ ।

विधेयकमा सङ्क्रमणकालीन दुई आयोगका लागि सिफारिस समिति गठन भएको बढीमा दुई महिनाभित्र अध्यक्ष तथा सदस्यको नाम सिफारिस गरिसक्नुपर्ने र दुई आयोगका पदाधिकारीको नियुक्ति भएको मितिले चार वर्षको कार्यकाल रहने व्यवस्था गरिएको छ । विसं २०६३ मङ्सिर ५ गते भएको शान्ति सम्झौतामा राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत सङ्क्रमणकालीन न्यायका विषयलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।रासस

# हवाई सुरक्षा मापदण्डबारे स्वतन्त्र छानबिन समिति गठन गर्न सरकारलाई निर्देशन

काठमाण्डु । प्रतिनिधिसभाअन्तर्गतको अन्तर राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले नेपालको समग्र हवाई सुरक्षा मापदण्ड कार्यान्वयनको अवस्थाबारे छानबिन गर्न विज्ञहरु सम्मिलित एक स्वतन्त्र छानबिन समिति गठन गर्न सरकारलाई निर्देशन दिएको छ ।



समितिको विहिबार सिंहदरबारमा बसेको बैठकले हवाई सुरक्षा मापदण्ड कार्यान्वयन भए/नभएको अवस्थाबारे १५ दिनभित्र छानबिन गरी आवश्यक नीतिगत सुधार गर्न र कोही दोषी देखिएमा कारबाहीको सिफारिस गर्न विज्ञहरुको स्वतन्त्र छानबिन समिति गठन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको हो ।

पछिल्लो समय निरन्तर भइरहेको हवाई दुर्घटनाका सम्बन्धमा दुर्घटनापिच्छे छानबिन समिति बन्ने गरे पनि समग्र हवाई सुरक्षाको अवस्थामा सुधार आउनुको सट्टा झन् कमजोर बन्दै गएको निष्कर्ष निकाल्दै हवाई सुरक्षा मापदण्ड कार्यान्वयनको अवस्था तथा नेपालको विद्यमान नागरिक उड्डयनसम्बन्धी कानुन एवं अन्तर्राष्ट्रिय अभ्यासअनुरुप कार्यान्वयनको अवस्थाबारे छानबिन गर्न निर्देशन दिइएको समितिका सभापति राजकिशोर यादवले बताउनुभयो । उहाँका अनुसार बैठकमा एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना सम्बन्धमा पर्यटनमन्त्री, सचिव र नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकसँग छलफल गरी समितिले उक्त निर्णय गरेको हो ।

समितिले उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक यथाशीघ्र सङ्घीय संसद्मा पेस गर्न पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा पर्यटन मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको छ । यसअघि हवाई दुर्घटना, सुरक्षा र नियमनसँग सम्बन्धित नेपाल सरकार र मन्त्रालयद्वारा गठित छानबिन समिति एवं कार्यदलमार्फत पेस भएका अध्ययन अनुसन्धानमूलक प्रतिवेदनहरु के र कुन अवस्थामा छन्, सोको जानकारी सहितको विवरण समितिलाई यथाशीघ्र उपलब्ध गराउन पनि समितिले पर्यटन मन्त्रालयलाई निर्देशन दिएको छ ।

यस्तै, नेपालमा हवाई नीति, २०६३ सालदेखि कार्यान्वयनमा आए पनि मुलुकको हवाई उडान सुरक्षासम्बन्धी छुट्टै नीति आवश्यक देखिएकाले उक्त नीति तर्जुमा गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र पर्यटन मन्त्रालयलाई निर्देशन दिइएको हो । बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र पर्यटन मन्त्रालयलाई दिएका निर्देशनहरु हालसम्म पनि कार्यान्वयन भएको नदेखिएकाले ती निर्देशनहरु कार्यान्वयनका लागि पुनः स्मरण गराएको छ ।

समितिका सभापति यादवले दुईसातामा दुई हवाई दुर्घटनाले हवाई सुरक्षामात्रै नभई मुलुकको छविमा समेत आँच आउने खतरा बढेको भन्दै आगामी दिनमा यस किसिमको दुर्घटना न्यूनीकरणको उपाय खोज्न र जिम्मेवार निकायका पदाधिकारीलाई कानुनी दायरामा ल्याउन माग गर्नुभयो ।

बैठकमा बोल्ने अधिकांश सांसदहरुले पटक-पटक हवाई दुर्घटनापछि छानबिन समिति बन्ने र प्रतिवेदन कार्यान्वयन नहुने प्रवृत्ति रहेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको छ । साथै उहाँहरुले पछिल्ला दिनमा भइरहेको निरन्तर हवाई दुर्घटनामा नियमनकारी निकायको लापर्बाही रहेको भन्दै जिम्मेवार पदाधिकारीलाई कानुनी दायरामा ल्याउन माग गर्नुभयो ।

विहिबारको बैठकमा आ-आफ्नो धारणा राख्ने सांसदहरुमा विमलेन्द्र निधि, एनपी साउद, उदय शम्शेर जबरा, राजेन्द्र बजगाई, भीमप्रसाद आचार्य, देवीप्रकाश भट्टचन, शिशिर खनाल, डा धवलशम्शेर जबरा, प्रभु साह, सुनिता बराल, हितबहादुर तामाङ र छिरिङल्हामु लामा हुनुहुन्थ्यो ।रासस

# कांग्रेस बैठकमा विभिन्न ११ प्रस्तावमाथि छलफल जारी



काठमाण्डु । नेपाली कांग्रेसको बुधबारदेखि सुरु केन्द्रीय कार्यसमितिको बैठकमा विहिबार विभिन्न ११ प्रस्तावमाथि छलफल प्रारम्भ भएको छ ।

पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा कांग्रेस केन्द्रीय कार्यालय सानेपामा भएको बैठकमा बुधबार उपसभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले ११ प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

विहिबारको बैठकमा केन्द्रीय सदस्यहरू मानबहादुर विश्वकर्मा, पुष्पा भुसाल, गोविन्द भट्टराई, श्यामकुमार घिमिरे, मोहनबहादुर बस्नेत, देवेन्द्रराज कण्डेल, डा डिला सङ्ग्रौला, किरणराज शर्मा पौडेल, राजीव कोइराला, मानबहादुर नेपाली, राजेन्द्रकुमार केसी, गुरू बराल, कान्तिका सेजुवाल, भरतकुमार शाह, सीतादेवी देवकोटा र शारदा पौडेल, आमन्त्रित सदस्य नारायणी रायमाझी र प्रदेश सभापतिहरू उद्धव थापा (कोशी), कृष्णप्रसाद यादव (मधेस), ईन्द्रबहादुर बानियाँ (बागमती), शुक्रराज शर्मा (गण्डकी), अमर सिंह पुन (लुम्बिनी), ललितजङ्ग शाही (कर्णाली) र बीरबहादुर बलायर (सुदूरपश्चिम)ले धारणा राख्नुभएको थियो ।

बैठकमा महासमिति बैठकबाट पारित प्रस्ताव, राष्ट्रिय सहमतिको सरकार गठनका सम्बन्धमा भएको सहमति, १०० दिने साङ्गठनिक अभियान (भदौ १५-मंसिर २५), अनुशासनको कारवाहीका लागि भएका सिफारिस, पार्टीका विभिन्न तहमा रिक्त स्थानका पदपुर्ती, भ्रातृ सङ्घ तथा शुभेच्छुक संस्था र निर्देशक समिति लगायत कार्यसम्पादनका निर्णय, क्रियाशील सदस्यता वितरण (नयाँ र नवीकरण) प्रक्रिया, जनसम्पर्क समिति, नियमावली संसोधन प्रस्ताव, कांग्रेस 'जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका, २०८१' र समसामयिक राजनीति र अन्य विविध विषयसम्बन्धी प्रस्ताव पेस गरिएको छ ।

केन्द्रीय कार्यसमितिको बैठक शुक्रबार साउन २५ गते शुक्रबार बिहान ११ बजे पार्टीको केन्द्रीय कार्यालयमा पुनः बस्ने कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।रासस

# हवाई उडानलाई सुरक्षित बनाउन सरकारले विशेष निर्णय गर्छः पर्यटनमन्त्री

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मुलुकको हवाई उडानलाई सुरक्षित बनाउन सरकारले विशेष निर्णय लिने बताउनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको उडड्यन क्षेत्रका समस्या समाधान गर्न कार्ययोजना निर्माण गरिरहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "मैले मन्त्री पदलाई कुनै ठूलो र दुर्लभ पद ठानेको छैन । म आफ्नो ईमान र मेहनतको भरमा काम गरिरहेको



अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सांसदहरुले उठाउनुभएको प्रश्नको जवाफ दिनुहुँदै उहाँले हवाई सुरक्षाको एकीकृत समाधानका लागि नीतिगत, कानुनी, संरचनागतलगायतका विषयमा अध्ययन गरी सरकारले चाँडै आवश्यक निर्णय लिने उल्लेख गर्नुभयो । विभिन्न समयमा गठन भएका विभिन्न समितिका प्रमुखसँग छलफल गरी छिट्टै विशेष निर्णय लिइने उहाँले बताउनुभयो ।

पर्यटनमन्त्री पाण्डेले आफ्ना लागि पद ठूलो र दुर्लभ नभएको उल्लेख गर्दै समग्र छु । अहिले मन्त्रालय मातहतका बेथिती र विसङ्गति हटाउन दैनिक १८ घण्टा काम गरिरहेको छु । म आफूलाई विकृतिको डुङ्गुरमाथि उभिएको महसुस गरेको छु ।"

पर्यटनमन्त्री पाण्डेले नेपाल नागरिक उड्डयन प्राधिकरण विभाजन विधेयकलाई अगाडि बढाउने गरी मन्त्रालयले काम गरिरहेको पनि जानकारी दिनुभयो । प्राधिकरणलाई नियामक र सेवा प्रदायकका रुपमा छुट्याउने विधेयक राष्ट्रिय सभाबाट पारित भइसकेको छ । उहाँले एक/दुई दिनमै उक्त विधेयकलाई अगाडि बढाउनेमा विश्वास दिलाउनुभयो ।रासस

# वनमन्त्री ठकुरीले मन्त्रालयबाट प्रारम्भ गर्नुभयो 'प्लाष्टिक फ्रि जोन' अभियान

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले केन्द्रीय प्रशासनिक भवन सिहदरबार क्षेत्रमा मानव स्वास्थ्य र वातावरणमा असर गर्ने प्लाष्टिकका सामग्रीको प्रयोग हटाउन 'प्लाष्टिक फ्रि जोन' अभियानको सुरुआत गर्नुभएको छ ।



वातावरणका क्षेत्रमा कार्यरत संस्था 'साथसाथै फाउण्डेसन' को प्रनितिधिमण्डलसँग विहिबार मन्त्रालयमा भएको भेटवार्तापछि उहाँले आफ्नै कार्यकक्षमा रहेका खानेपानीका प्लाष्टिकका बोतल हटाएर सो अभियान प्रारम्भ गर्नुभयो ।मन्त्री ठकुरीले भन्नुभयो, "हाम्रो मन्त्रालयका सबै कार्यकक्षमा आजैदेखि मानव स्वास्थ्य र वातावरणमा असर गर्ने तथा प्रयोग गर्न अयोग्य प्लाष्टिकका सामग्री हटाएर अभियानको सुरुआत गर्छौं । बाँकी अन्य मन्त्रालय र निकायलाई पनि आग्रह गरेर यसरी नै सिंहदरबार 'प्लाष्टिक फ्रि जोन' बनाउन पहल गर्छौं ।"

सिंहदरबारका प्रवेशद्वारमा ' प्लाष्टिक फ्रि जोन' सम्बन्धी सचेतनामूलक होडिङ बोर्ड राखेर अनुगमन गरी अभियान अघि बढाउने मन्त्री ठकुरीले प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै उहाँले सबैले पुनःप्रयोग गर्न मिल्ने सामग्रीको उपयोग गरेर वातावरण स्वच्छ बनाउन र जीवनशैलीमा मितव्यीता अपाउनुपर्नेमा समेत जोड दिनुभयो ।

सो अवसरमा साथसाथै फाउण्डेसनका अध्यक्ष प्रजिता कार्कीले स्वच्छ र हरित वातावरण बनाउन प्रत्येक व्यक्तिले आफ्नो तर्फबाट व्यक्तिगत रूपमा प्रतिबद्धता गरी काम गर्नुपर्ने संस्थाको अभियानका बारेमा मन्त्री ठकुरीलाई अवगत गराउनुभएको थियो । अध्यक्ष कार्कीले दिगो वातावरण र प्रकृति जोगाउनका लागि दैनिक जीवनमा प्रयोग हुने सामग्रीको पुनः प्रयोग गर्ने, कम प्रयोग गर्नेलगायत अभियानका लागि सचेतना आवश्यकतामा जोड दिनुभयो ।

नेपाल सरकारले वातावरण र मानव स्वास्थ्यमा पर्ने जोखिम न्यूनीकरण गर्न २०७८ साउन १ गतेदेखि ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री, वितरण र प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । त्यस्तै सरकारले २०७९ साउन १२ गते राजपत्रका सूचना प्रकाशित गरेर नेपालभर प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात बिक्री वितरण वा भण्डारण गर्न रोक लगाउने निर्णय गरेको थियो ।

तर उक्त निर्णयहरू भने पूर्ण रूपमा कार्यान्वयन भएको देखिदैन । मन्त्रालयअन्तर्गको वातावरण विभागका सूचना अधिकारी दीपक ज्ञवालीले उक्त निर्णय कार्यान्वयनका लागि विभागले सरोकारवाला व्यक्ति र निकायसँग छलफल गर्दै आएको, सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको, अनुगमन गरी अटेर गर्नेलाई कारवाही गर्ने गरेको, विकल्पका बारेमा समेत विभिन्न उपाय सम्बन्धमा छलफल गर्दै आएको बताउनुभयो ।रासस

# "लामखुट्ट्टे खोज र नष्ट गर" अभियान सञ्चालन गर्न आग्रह

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै सरकारी कार्यालयलाई 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गर्न आग्रह गरेको छ ।

उक्त मन्त्रालयले डेङ्गीको सङ्क्रमण बढेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालय र अस्पताल परिसरमा सरसफाइ गर्नाका साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गर्न आग्रह गरिएको मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।




स्वास्थ्य मन्त्रालयले गत वर्ष पनि डेङ्गी रोगको सङ्क्रमण बढेपछि अभियान सञ्चालन गर्न निर्देशन दिएको थियो । मन्त्रालयले आ-आफ्ना कार्यालयमा डेङ्गी सङ्क्रमणबारे सतर्कता र सचेतना कार्यक्रम सञ्चालन गर्न पनि निर्देशन दिएको छ । प्रवक्ता बुढाथोकीले सरकारी अस्पतालमा डेङ्गीका बिरामीको उपचार खर्च सरकारले व्यहोर्ने जानकारी दिनुभयो । मन्त्रालयले सरकारी अस्पताललाई डेङ्गी सङ्क्रमितको उपचार व्यवस्थापन मिलाउन आग्रह गर्दै अस्पतालमा परिसरमा 'डेङ्गी डेस्क' स्थापना गरी सम्पर्क व्यक्ति तोक्न निर्देशन दिएको छ । रासस

# हवाई सेवा सुरक्षित बनाउन योजनाबद्ध काम भइरहेको छ : प्रवक्ता गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाली आकाशमा लगातार हवाई दुर्घटना हुनु चिन्ताको विषय भएको बताउनुभएको छ ।



मन्त्रिपरिषद् बैठकका निर्णयहरू सार्वजनिक गर्न विहिबार सञ्चार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीको जिज्ञासामा मन्त्री गुरुङले दुर्घटनाको कारण पत्ता लगाएर समाधानका उपाय पहिल्याउन सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको स्पष्ट पार्नुभयो ।

हवाई दुर्घटनाले पर्यटन क्षेत्रमा नकारात्मक सन्देश प्रवाह हुनेतर्फ सरकार सचेत रहेको उल्लेख गर्दै सरकारका प्रवक्ता गुरुङले अन्तर ाष्ट्रिय जगत्मा नेपालको आकाश सुरक्षित छ भन्ने सन्देश दिन सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

बुधबारको मन्त्रिपरिषद् बैठकले नुवाकोटमा भएको हेलिकप्टर दुर्घनाको सत्यतथ्य पत्ता लगाउन आयोग गठन गरिसकेको जानकारी दिँदै उहाँले आयोगको सिफारिसका आधारमा यस क्षेत्रमा देखिएका कमिकमजोरी सुधारिने विश्वास दिलाउनुभयो ।रासस

# ह्यारिसको निर्वाचन अभियानले ट्रम्पको 'भीड अभियान' लाई माथ गर्दै

एएफपी

डेट्रोइट । रिपब्लिकन पार्टीका नेता ट्रम्पले निर्वाचनमा आफूप्रतिको अमेरिकी जनताको आकर्षण पुष्टि गर्ने गरेको एउटा प्रमुख आधारलाई चुनौती दिन अमेरिकी राष्ट्रपतिका उम्मेदवार तथा उपराष्ट्रपति कमला ह्यारिसका सफल हुनुभएको छ।

फिलाडेल्फियामा आफ्ना उम्मेदवार ह्यारिसका कुरा सुन्न करिब १४ हजार मतदाता चुनावी सभामा सहभागी भएका थिए । बुधबार विस्कन्सिनको इउ क्लेयरमा भएको प्रदर्शनमा हजारौँ समर्थकको सहभागितामा करिब एक किलोमिटरभन्दा बढी लामो भीड भेला गरी यस पहिले रिपब्लिकन पार्टीका नेता ट्रम्पले निर्वाचनमा आफूप्रतिको अमेरिकी जनताको आकर्षण पुष्टि गर्ने गरेको एउटा प्रमुख आधारलाई चुनौती दिनुभएको हो।

डोनाल्ड ट्रम्पको चुनावी अभियानका कार्यक्रमहरूमा यस्तो सहभागिता सामान्य मानिन्छ तर यी उत्तेजक र आक्रामक नाराबाजीसहितको जुलुस पूर्वराष्ट्रपति ट्रम्पका लागि नभई वर्तमान् उपराष्ट्रपति कमला ह्यारिसको अभियानको समर्थनमा निकालिएको थियो । ह्यारिस अमेरिकी राष्ट्रपतीय निर्वाचनमा डेमोक्र्याटिक पार्टीका तर्फबाट ट्रम्पको प्रतिद्वन्द्वी हुनुहुन्छ।

कार निर्माण कम्पनी स्टेलान्टिसमा काम गर्ने ४६ वर्षीया किना जोनसनले बुधबार मिशिगनको डेट्रोइटस्थित एक एयरफिल्डमा एएफपीसँग भन्नुभयो, "सबै जना साँच्चिकै चुनाबी प्रचारप्रसारका लागि भेला भएका हुन् ।" जोनसनले डेमोक्र्याटहरूको चुनावी र्‍यालीबारे भन्नुभयो, "मलाई लाग्छ उनीहरू अझ धेरै सकारात्मक हुनेछन् । अहिले एक महिलाका लागि यो राम्रो कुरा हो, यसले महिलाप्रतिको विश्वासका लागि इतिहास रचिरहेको छ।"

मिनेसोटाका गभर्नर वाल्ज, मिशिगनमा समर्थकहरूको मानवसागर देखेर दङ्ग देखिनुहुन्थ्यो । अभियानका अधिकारीहरूले यसलाई १५ हजार सहभागी भएको जुलुस बताए भने वाल्जले यसलाई 'अभियानको सबैभन्दा ठूलो र्‍याली' भएको दावी गर्नुभयो।

बाराक ओबामाको शासनकालमा डेमोक्र्याटिक पार्टीको राजनीतिक कार्यक्रममा भाग लिने थुप्रै अमेरिकीहरूको सहभागिता सामान्य हुन्थ्यो तर पछिका डेमोक्र्याटिक उम्मेदवारका लागि यो विरलैको घटना थियो । एक चमत्कारिक अश्वेत युवा उम्मेदवार ओबामाले राष्ट्रपति बन्नका लागि अवरोधहरू तोड्नुभएको थियो । ओबामा र ट्रम्पपछिका दर्जनौं वर्षहरूमा यो दुर्लभ भएको छ। सङ्ख्याको खेलको बारेमा तीव्र रूपमा सचेत र ठूलो भीडलाई व्यापक समर्थनसँग जोडिन्छ।

राष्ट्रपति चुनाव हुनुभन्दा तीन महिना कम समय रहँदा ह्यारिस र वाल्जले डेमोक्र्याटिक पार्टीको आधारमार्फत उत्साहको झट्का पठाउँदा ट्रम्पको चुनाबी सभामा हुने भीड र त्यसको समर्थकमा पर्ने लाभलाई ओझेलमा पारेको छ ।यसले राष्ट्रपति जो बाइडेनले यो चुनावी चक्रमा कोरेको सानो चार्टमा शान्त भीडको तुलनामा उपस्थित संख्यालाई विशाल देखाइएको छ।

बाइडेन र सन् २०१६ का उम्मेदवार हिलारी क्लिन्टन ट्रम्पको विशाल र उत्तेजक 'रोड शो'सँग कहिल्यै प्रतिस्पर्धा गर्न सक्नुभएको थिएन। ट्रम्पले यसपहिले अत्यधिक भीड, अराजक शब्द र उत्तेजक समर्थकहरूलाई अग्रपङ्क्तिमा उभ्याएर धेरै स्थानमा विजय सुनिश्चित गर्न रातारात अभियान गरिरहनुभएको थियो। तर बाइडेन यस वर्षको दौडबाट बाहिरिएपछि ट्रम्पकी नयाँ प्रतिद्वन्द्वीले प्रदर्शनको खेलमा रिपब्लिकन नेतालाई चुनौती दिन आफू सक्षम रहेको देखाउनुभएको छ।

ह्यारिसले गत हप्ता जर्जियाको एटलान्टामा १० हजारको दर्शक क्षमताको रङ्गशालामा भरिभराउ दर्शकलाई सम्बोधन गर्नुभएको थियो। उहाँले भीडलाई उत्तेजित गर्न दुई हिप-हप स्टारहरूको घोषणा गर्नुभएको छ। त्यसको चार दिनपछि पूर्वराष्ट्रपति ट्रम्पले सोही स्थानमा समान आकारको भीडसहित र्‍याली निकालेको र तुरुन्तै व्यङ्ग्यात्मकरूपमा टिप्पणी गर्दै 'क्रेजी कमला' र उहाँको 'धेरै खाली सिट' बारे उल्लेख गर्नुभएको थियो । ट्रम्पले भीडलाई सम्बोधन गर्दै भन्नुभयो, "मलाई मनोरन्जनकर्ताको आवश्यकता छैन । म स्टेडियम भर्छु किनभने म अमेरिकालाई फेरि महान बनाउँदैछु। यो हाम्रो मनोरञ्जन हो।"

युनिभर्सिटी अफ विस्कन्सिन-म्याडिसनका राजनीतिका प्राध्यापक ब्यारी बर्डनले एएफपीसँग भन्नुभयो, "ट्रम्पका समर्थकका लागि यो चिन्ताको विषय बनेको छ भने ह्यारिसका लागि गर्वको । ह्यारिसका जुलुशहरूलेसन् २०२० मा बाइडेन र सन् २०१६ मा क्लिन्टनको तुलनामा धेरै ठूलो भीडलाई आकर्षित गरेको छ ।यस्तो स्पष्ट समर्थनले ट्रम्प मतदाताहरूलाई सन् २०२० को निर्वाचन परिणामको वैधताको बारेमा शङ्कालाई बढावा दिएको छ ।"ह्यारिसले ट्रम्पका पूर्ववर्ती प्रतिद्वन्द्वीकोभन्दा बढी भीडसँग कुरा गरिरहेकी छिन्, ट्रम्पलाई 'लाभको उम्मेदवार' मान्नुको यो तर्क हराउँदै जान्छ," बर्डनले भन्नुभयो।

ट्रम्पले आफ्नो राजनीतिक जीवनको सुरुवातदेखि नै यस्ता फाइदा उठाउँदै आउनुभएको छ। सन् २०१५ मा उहाँको अभियानमा सहभागी हुन अलाबामाको एक फुटबल रङ्गशालामा ३० हजार मानिस भेला भएका थिए ।राष्ट्रपतिको रूपमा उहाँ 'एयर फोर्स वन'लाई अभियानको अन्तिम सहाराको रूपमा प्रयोग गर्नुभएको थियो। उहाँको र्‍यालीमा गर्जन र उत्तेजित समर्थकहरूले सेल-फोनले तस्वीरहरू खिचिरहँदा उहाँ 'सिनेमाको हिरोजस्तो' विमानबाट बाहिर निस्किनुभएको थियो।

तर बुधबार ह्यारिसले ट्रम्पको चुनावी अभियानको नक्कल गर्दै उपराष्ट्रपतिको जेट एयर फोर्स टुमा डेट्रोइटको र्‍यालीमा पुग्नुभएको थियो ।ट्रम्पले देशभक्तिपूर्ण प्रतिकात्मक बजारलाई समात्न खोज्दै अझैपनि अभियानको 'अर्जुनदृष्टि' उहाँको अमेरिका पहिलो भन्ने नारामा सीमित छ। तथापि, ह्यारिसको कर्कश फिलाडेल्फिया र्‍यालीमा पनि यस्तै आवाज सुनिएको थियो, जुन बाइडेनका कार्यक्रमहरूमा विरलै भएको थियो।



ट्रम्पले आफ्नो राजनीतिक जीवनको सुरुवातदेखि नै यस्ता फाइदा उठाउँदै आउनुभएको छ । सन् २०१५ मा उहाँको अभियानमा सहभागी हुन अलाबामाको एक फुटबल रङ्गशालामा ३० हजार मानिस भेला भएका थिए ।राष्ट्रपतिको रुपमा उहाँ "एयर फोर्स वन"लाई अभियानको अन्तिम सहाराको रुपमा प्रयोग गर्नुभएको थियो ।

# पेरिस ओलम्पिक : अमेरिका २७ स्वर्णसहित शीर्ष स्थानमा



एएफपी

पेरिस ।सोमबारका विभिन्न स्पर्धापछि पेरिस ओलम्पिक खेलमा अमेरिका २७ स्वर्ण, ३५ रजत र ३२ कास्यसहित सबैभन्दा बढी ९४ पदकसहित अङ्क तालिकामा शीर्ष स्थानमा रहेको छ। चीन, अष्ट्रेलिया, फ्रान्स, बेलायत, दक्षिण कोरिया, जापान, इटाली, नेदरल्याण्ड र जर्मनी क्रमशः शीर्ष १० स्थानमा रहेका छन्।

दोस्रोमा चीनले २५ स्वर्ण, २३ रजत र १७ कास्यसहित कुल ६५ पदक हात पारेको छ भने अष्ट्रेलियाले १८ स्वर्ण, १२ रजत र ११ कास्य पदकसहित कुल ४१ पदक जित्दै अहिलेसम्मको पदक तालिकामा तेस्रो स्थान हासिल गरेको छ। त्यसैगरी, चौथो स्थानमा रहेको फ्रान्सले १३ स्वर्ण, १७ रजत र २१ कास्यसहित ५१ पदक जितेको छ भने पाँचौं स्थानमा बेलायतले १२ स्वर्ण, १७ रजत र २० कास्यसहित कुल ४९ पदक जितेको छ।

पदक तालिकामा छैटौं स्थानमा रहेको दक्षिण कोरियाले १२ स्वर्ण, आठ रजत र सात कास्यसहित कुल २७ पदक जितेको छ भने जापान १२ स्वर्ण, छ रजत र १३ कास्यसहित ३१ पदक जित्दै सातौं स्थानमा रहन सफल भएको छ। आठौं स्थानमा रहेको इटालीले नौ स्वर्ण, १० रजत र आठ कास्यसहित कुल २७ पदक जितेको छ भने नेदरल्यान्ड्स नौ स्वर्ण, पाँच रजत र छ कास्यसहित कुल २० पदक जित्दै नवौं स्थानमा छ। जर्मनी आठ स्वर्ण, पाँच रजत र पाँच कास्यसहित कुल १८ पदक जितेर शीर्ष दशमध्ये अन्तिम स्थानमा पर्न सफल भएको छ।

# पुटिनलाई पक्राउ गर्न आग्रह

एएफपी

मेक्सिको सिटी । मेक्सिकोस्थित युक्रेनी दूतावासले रूसी नेता भ्लादिमिर पुटिनलाई नवनिर्वाचित राष्ट्रपति क्लाउडिया शेनबामको शपथग्रहण समारोहमा सहभागी भए पक्राउ गर्न मेक्सिको सरकारसँग आग्रह गरेको छ।




पुटिनलाई 'युद्ध अपराध' मा संलग्न रूसी नेताको रूपमा संज्ञा दिँदै आएको किएभको प्रतिनिधिमण्डलले अक्टोबर १ मा हुने शपथग्रहण समारोहमा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई निमन्त्रणा दिएकोमा मेक्सिकोलाई पनि धन्यवाद दिएको छ।

युक्रेनी दूतावासले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "हामीलाई विश्वास छ, मेक्सिको सरकारले कुनै पनि अवस्थामा अन्तर्राष्ट्रिय पक्राउ पूर्जीको पालना गर्नेछ र पुटिनलाई हेगस्थित संयुक्त राष्ट्रसङ्घको न्यायिक निकायलाई हस्तान्तरण गर्नेछ ।मार्च २०२३ मा, अन्तरर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) ले सन् २०२२ को सुरुमा मस्कोको आक्रमणपछि युक्रेनी बालबालिकालाई जबर्जस्ती रूसमा निर्वासित गरेको विषयमा युद्ध अपराधको आरोपमा पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो।

शेनबामका विदेशमन्त्री जुआन रामोन डे ला फुएन्टेले मेक्सिकोसँग कूटनीतिक सम्बन्ध भएका हरेक देशका नेतालाई उद्घाटन समारोहमा आमन्त्रण गर्नु 'मानक प्रोटोकल' भएको बताएका छन् ।मेक्सिकोको पहिलो महिला राष्ट्रपति बन्न लागेकी शेनबामले गत जुन २ मा भएको आम निर्वाचनमा ऐतिहासिक जित हासिल गर्नुभएको थियो । उहाँलाई बधाई दिने विश्वका नेताहरूको पङ्क्तीमा पुटिन र जेलेन्स्की पनि रहेका छन्।

# नोबेल पुरस्कार विजेता युनूस स्वदेश फिर्ता, केही महिनाभित्र चुनाव गराउने प्रतिवद्धता



एएफपी

ढाका। नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुस कार्यबाहक सरकारको नेतृत्व गर्न बिहीबार स्वदेश फर्किनु भएको छ।

आरक्षण विरोधी आन्दोलनबाट सुरु भएको बङ्गलादेशको राजनैतिक असन्तुष्टिले प्रधानमन्त्री शेख हसिनालाई राजिनामा गरी देश छोड्न बाध्य बनाएपछि विद्यार्थी नेताहरूको प्रस्तावमा सरकारको नेतृत्व गर्ने समहतिका साथ उहाँ स्वदेश फर्किनु भएको हो ।उहाँले बङ्गलादेशमा शेख हसिनाको सरकार अपदस्थ गर्ने क्रममा भएको लामो प्रदर्शनमा मारिएका व्यक्तिप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै उनीहरूको बलिदानले देशलाई 'दोस्रो स्वतन्त्रता' दिलाएको बताउनुभएको छ ।कामचलाउ सरकारको नेतृत्व गर्न स्वदेश फर्केलगत्तै ढाकास्थित विमानस्थलमा पत्रकारसँग कुरा गर्दै उहाँले भन्नुभयो "आजको दिन हाम्रा लागि गौरवपूर्ण दिन हो।"

उहाँले अगाडि भन्नुभयो, "बङ्गलादेशले नयाँ विजय दिवस सिर्जना गरेको छ। देशले दोस्रो पटक स्वतन्त्रता पाएको छ।"हप्तौंदेखि चलेको हिंसामा कम्तीमा ४५५ जनाको ज्यान जाने गरी भएको हिंसापछि सुव्यवस्था बहालीका लागि आह्वान गर्दै उहाँले आक्रमणमा परेका अल्पसङ्ख्यकसहित एक अर्काको रक्षा गर्न नागरिकहरूलाई आह्वान गर्नुभएको छ।

"कानून र व्यवस्था हाम्रो पहिलो काम हो । जबसम्म हामी कानून र व्यवस्थाको स्थिति ठीक गर्दैनौं, तबसम्म एक कदम पनि अगाडि बढ्न सक्दैनौं", उहाँले भन्नुभयो, "मेरो सबैजनासँग आह्वान छ; यदि तपाइहरूलाई ममाथि भरोसा छ भने यो सुनिश्चित गर्नुस् कि देशको कुनै पनि कुनामा कसैमाथि आक्रमण नहोस्।" चौरासी वर्षीय युनुसले बिहीबार साँझसम्म देशको नयाँ नेताका रूपमा सपथ लिनुहुने सम्भावना छ।

सरकारको गैर-जिम्मेवारीपनको बीचमा उर्लेको विद्यार्थी आन्दोलन र विद्यार्थीहरूको मागमा सेनाले सहमति जनाएसँगै हसिनाले पदबाट राजिनामा दिन बाध्य हुनुपरेको थियो। यसअघि, युनसले ढाकाका लागि प्रस्थान गर्दा पेरिसमा पत्रकारसमक्ष आफु घर फर्कन पर्खिरहेको र त्यहाँ के भइरहेको छ, कसरी समस्याबाट बाहिर निस्कन सक्छौं भनेर सोच्न समर्थक सबैलाई आह्वान गर्नुभएको थियो। युनुसलाई यस पहिलेको सरकारले १०० भन्दा बढी आपराधिक मुद्दाहरूको आरोप लगाएपछि उहाँ निर्बासनमा बस्दै आउनुभएको थियो।

सेना प्रमुख जनरल वाकर-उज-जमानले युनसको समर्थनमा रहेको जनाउँदै बिहीबार साँझ अन्तरिम सरकारको नेतृत्वको शपथ लिने आशा व्यक्त गर्नुभयो। यसरी आगामी दिनमा लोकतान्त्रिक प्रक्रियाको माध्यमबाट मुलुकलाई अगाडी बढाउन सक्षम हुने विश्वास जमानले व्यक्त गर्नुभयो । ढाका बिमानस्थलमा पत्रकारहरुसंग युनसले 'केही महिनाभित्र' चुनाव गराउन चाहेको बताउदै मुलुकले दोस्रो पटक स्वतन्त्रता प्राप्त गरेको उल्लेख गर्नुभएको छ। उहाँले छिट्टै आफ्नो संलग्नतामा विजय उत्सव मनाउने बताउनुभएको छ।

# कठिन समयमा आमालाई सहयोग गर्न नसकेकामा पूर्वप्रधानमन्त्री हसिनाकी छोरीद्वारा दुःख व्यक्त

एएनआई

नयाँदिल्ली । बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाकी छोरी साइमा वाजेदले देशको कठिन समयमा आफ्नी आमाको दुःखमा साथ दिन नसकेकामा निराशा व्यक्त गर्नुभएको छ।



उहाँले बङ्गलादेशमा द्वन्द्वका कारण ज्यान गुमाएकाप्रति दुःख प्रकट गर्दै र देशमा जारी अशान्ति छिट्टै अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो ।दक्षिण-पूर्वी एसियाका लागि विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) को क्षेत्रीय निर्देशक शेख हसिनाकी छोरी साइमाले सामाजिक सञ्जाल एक्समा भन्नुभयो, "मेरो देशमा भएको मानवीय क्षति हृदयविदारक छ। म यो कठिन समयमा मेरी आमाको साथमा हुन सकिँन। म डब्ल्यूएचओले प्रदान गरेको भूमिकाका लागि प्रतिबद्ध छु।"

साइमाले यस वर्षको फेब्रुअरीमा दक्षिण-पूर्वी एसिया क्षेत्रका लागि डब्ल्यूएचओको क्षेत्रीय निर्देशकको रूपमा कार्यभार सम्हाल्नुभएको थियो। साइमा यो पद सम्हाल्ने पहिलो बङ्गलादेशी र दोस्रो महिला हुनुहुन्छ । विद्यार्थी नेतृत्वको विद्रोहका कारण शेख हसिनाले आफ्नो पदबाट राजीनामा दिएपछि बङ्गलादेशले अस्थिर राजनीतिक अवस्थाको सामना गरिरहेको छ। शेख हसिनाले बङ्गलादेशको प्रधानमन्त्रीको पदबाट राजीनामा दिएर देश छोडेको एक दिनपछि राष्ट्रपति मोहम्मद शाहाबुद्दिनले अन्तरिम प्रशासन गठनका लागि देशको संसद् विघटन गर्नुभयो।

नोबेल पुरस्कार विजेता मुहम्मद युनुसलाई बङ्गलादेशको अन्तरिम सरकारको प्रमुखमा नियुक्त गरिएको छ । मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारका सदस्यहरूले बिहीबार राति शपथग्रहण गर्ने डेली स्टारले जनाएको छ। सेना प्रमुख जनरल वाकर-उज-जमानले अन्तरिम सरकारमा अहिले १५ जना सदस्य हुनसक्ने सङ्केत गर्नुभएको छ । अन्तरिम सरकारका सदस्यहरूको नाम सार्वजनिक गरिएको छैन।

# बङ्गलादेशमा भएको डुङ्गा दुर्घटनामा ३४ जनाको मृत्यु

एएफपी

कक्स बजार । युद्धग्रस्त म्यान्माबाट भागेर बङ्गलादेश जाने क्रममा भएको डुङ्गा दुर्घटनामा परी मृत्यु भएका ३४ जना रोहिंग्या शरणार्थीको शव निकालिएको स्थानीय सरकारका एक शीर्ष अधिकारीले बिहीबार बताएका छन् । बङ्गलादेशको नदीमा मङ्गलबार भएको उक्त दुर्घटनामा साना बच्चाहरूसहित १० जनाको शव तत्काल निकालिएको थियो । हालसम्म कूल मृतकको सङ्ख्या ३४ पुगेको छ।



उनीहरू म्यान्माको रखाइन राज्यस्थित आफ्नो गाउँबाट भागेका र उनीहरूको सानो जहाज बङ्गलादेशको शाहपरी टापु नजिकै नाफ नदीमा डुबेको प्रहरीले जनाएको छ ।बङ्गलादेशको टेकनाफ सीमाक्षेत्रका सरकारी प्रशासक अदनान चौधरीले उक्त डुङ्गामा म्यानमाबाट आएका मुस्लिम रोहिंग्याहरू रहेको बताउनुभएको छ । "रोहिंग्याहरू म्यान्माबाट आफ्नो ज्यान जोगाउन भागिरहेका छन्", उहाँले भन्नुभयो। "विगत केही हप्तामा म्यान्माको रखाइन राज्यमा भएको युद्धबाट कम्तीमा एक हजार रोहिङ्ग्याहरू बङ्गलादेशतर्फ भागेका छन्," चौधरीले भन्नुभयो।

अराकान आर्मी (एए) ले नोभेम्बरमा सत्तारुढ जुन्टाको सेनामाथि आक्रमण गरेपछि रखाइन राज्यमा द्वन्द्व बदलिएको हो। बङ्गलादेशमा करिब १० लाख रोहिंग्याले शरण लिएका छन् जसमध्ये अधिकांश सन् २०१७ मा सैन्य दमनपछि रखाइनबाट भागेका थिए। रखाइनको सहर माउङ्गदाबाट भागेर बुधबार फरक डुङ्गाबाट बङ्गलादेश आइपुगेका ३५ वर्षीय रोहिंग्या शरणार्थी अब्दुल कलामले हजारौं रोहिङ्ग्या म्यानमा जारी नरसंहारबाट भाग्न खोजेको बताउनुभयो।

"अराकान सेनाले हामीमाथि आत्मघाती हमला गर्दै छन् । उनीहरू हामीलाई रखाइनबाट भगाउन चाहन्छन्", उहाँले भन्नुभयो । हप्तौंको विद्यार्थी नेतृत्वको विरोध प्रदर्शनले सोमबार प्रधानमन्त्रीलाई अपदस्थ गरेपछि बङ्गलादेशमा अशान्तिका कारण शव निकाल्न ढिलाई भएको चौधरीले बताउनुभयो । "हाम्रा सुरक्षा अधिकारी राजनीतिक झडप रोक्न व्यक्त भएकाले हामीले उनीहरुलाई तत्काल दुर्घटनास्थलमा पठाउन सकेनौं," चौधरीले भन्नुभयो।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई ल्याण्डमार्क होटल एण्ड रिसोर्टमा १५ प्रतिशत छुट

**टुडे समाचारदाता**

काठमाण्डु। ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकहरुलाई ल्याण्डमार्क होटल एण्ड रिसोर्टमा १५ प्रतिशतसम्म छुट प्रदान गर्ने समझदारी भएको छ।




समझदारीमा ग्लोबल आइएमई बैंकका ट्रान्जेक्सन बैंकिङ्ग-सेल्स तथा बिजनेश विभाग प्रमुख प्रकाश पौडेल र ल्याण्डमार्क होटल एण्ड रिसोर्ट प्रा.लि.का ग्रुप जनरल म्यानेजर बोधराज लम्सालले हस्ताक्षर गर्नुभएको छ।

उक्त समझदारी अनुसार बैंकका डेबिट/क्रेडिट कार्डवाहक तथा मोबाइल बैंकिङ्ग एप-ग्लोबल स्मार्ट प्लस प्रयोगकर्ताहरुले ल्याण्डमार्क होटल एण्ड रिसोर्टको काठमाडौं, पोखरा, चितवन तथा भैरहवास्थित होटल तथा रिसोर्टमा उपलब्ध सेवामा १० देखि १५ प्रतिशतसम्म छुट प्राप्त गर्नेछन्।

बैंकका ग्राहकहरुले होटल तथा रिसोर्टमा उपलब्ध सेवामध्ये बेड एण्ड ब्रेकफास्ट, खाना तथा संचालनमा रहेका अन्य सुविधाहरुमा १५ प्रतिशतसम्म छुट पाउने छन्।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकले ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट सेवा प्रदान गर्दै आएको छ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ।

# नेप्से परिसूचक उकालो यात्रामा


काठमाण्डु। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहिबार सामान्य अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक छ दशमलव ७० अङ्कले उकालो लागेर दुई हजार सात सय ६६ दशमलव ३८ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव २१ अङ्कले उकालो लागेर चार सय ८३ दशमलव ६८ मा पुगेको छ। कारोबार भएका कूल १३ उपसमूह मध्ये छ उपसमूहको शेयर मूल्य उकालो लाग्दा सात उपसमूहको शेयर मूल्यमा भने गिरावट भएको छ।

नेप्सेका अनुसार, पाँच करोड नौ लाख ४६ हजार आठ सय ३२ कित्ता शेयर रु २० अर्ब सात करोड चार लाख ३४ हजार एक सय तीन मूल्यमा खरिद बिक्री भएका छन्। नेप्सका अनुसार विभिन्न छ कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ। त्यसमा कर्णाली डेभलपमेन्ट बैंक,शिवम् सिमेन्ट,घोराही सिमेन्ट, मिड सोलु हाइड्रोपावर,सोनापुर मिनरल्स र सर्वोत्तम सिमेन्ट छन्।

यस्तै, एनआरएन इन्फास्ट्रक्चर आठ दशमलव शुन्य चार,सानिमा बैंकको ऋणपत्र सात दशमलव ६९,आरम्भ चौतारी लघुवित्त चार दशमलव ९३,रुरु जलविद्युत् परियोजना चार दशमलव ८४ र हाथवे इन्भेस्टमेन्टका लगानीकर्ताले चार दशमलव ५६ प्रतिशतले गुमाएका छन्।रासस

# नयाँ पेसा र पहिचानको खोजीमा महाउत समुदाय

राँझा। बाँकेको डुडुवा गाउँपालिका-६ हिरमिनियास्थित मगन्ताटोलका केलाराम महाउत रोजगारीको खोजीमा नेपालगञ्जमा भौँतारिन थालेको तीन वर्ष भयो। सहरमा कुनै रोजगार नमिल्दा उहाँको मन खिन्न छ। "मागेर खाने भएकाले यो समुदायलाई मगन्ता भनिन्थ्यो, मागेर खाने पुर्ख्यौली पेसा छोडेसँगै अहिले नयाँ पेसा र पहिचानका लागि कष्टकर जीवनयापन गर्नुपरेको छ", केलारामले भन्नुभयो, "महाउत समुदाय अहिले गरिबी, अभाव र सङ्कटबाट गुज्रिएको छ, पेसा र पहिचानबिना जीवन चलाउन कठिन भएको छ।"



समुदायबाटै पहिलोपटक एसएलसी पास गर्नुभएका केलाराम कृषक समूह गठन गरेर खेती किसानीको काम गर्दै आउनुभएको छ। पढेलेखेर पनि बेरोजगार बस्नु पर्दा महाउत समुदायमा पढेर पनि केही नहुने गलत धारणाको विकास भएको उहाँको बुझाइ छ। "महाउत बस्तीमा गरिबी र अशिक्षाको चरम रुप छ। बालबालिकालाई विद्यालय पठाउन सम्झाईबुझाई गर्दा पनि अभिभावकहरु मान्दैनन्", केलारामले भन्नुभयो, "जसोतसो विद्यालयमा भर्ना गराइदिए पनि बीचबाटै विद्यालय छोड्ने समस्या छ।"

महाउत समुदायका अधिकांश बालबालिका शिक्षाबाट वञ्चित छन्, महिलाको स्वास्थ्य अवस्था नाजुक छ। डरलाग्दो बालविवाहको समस्या मात्र होइन, सिङ्गो समुदाय प्रत्येक दिन छाक टार्ने समस्याबाट माथि उठ्न सकेको छैन। मागेर खाने पुर्ख्यौली पेसा छोडेसँगै मगन्ताबाट महाउत बनेको यो समुदायलाई यतिबेला नयाँ पेसा र पहिचान नपाउँदा जीवन चलाउन कठिन भएको केलारामको बुझाइ छ।

बाँकेको हिरमिनियालगायत विभिन्न ठाउँमा दुई सय घरपरिवारको करिब एक हजार जनसंख्या छ। महाउत समुदायका युवा पुस्ताले अब मागेर हुँदैन, काम गर्ने र त्यसअनुसारको ज्याला लिनुपर्छ भन्ने बुझेका छन्। मागेर जीवन निर्वाह गर्ने भएकाले समुदायलाई नै मगन्ता जातिको परिचय दिइए पनि अहिले युवाहरूलाई आफ्नो नामको पछाडि झुन्डिने मगन्ता शब्द मन परेको छैन। त्यसैले महाउत लेख्ने गरेको युवा विशाल महाउतले बताउनुभयो। एक पुस्ता अघिसम्म यो समुदायका मानिसको नागरिकतामा नामको पछाडि मगन्ता थर लेख्ने गरे पनि अहिले त्यसलाई परिवर्तन गरेर महाउत लेख्ने गरिएको छ। पुर्खाहरूले नाममा मगन्ता नै लेखाए तर अहिले युवाहरूले नामको पछाडि महाउत लेख्न थालेपछि केही आत्मसम्मान मिलेको विशालको अनुभव छ।

अल्पसंख्यक र सीमान्तकृत समुदाय भए पनि सूचीकृत भइनसकेकाले यो समुदायले कुनै विशेष सुविधा पाउन सकेको छैन। राज्यले आफूहरुलाई अल्पसंख्यक समुदायमा सूचीकृत गरी पेसा गर्ने व्यवस्थाको माग उनीहरुले गर्दै आएका छन्। खेती गर्नका लागि आफ्नै जग्गा जमिन, रोजगारीका लागि सीप र व्यापार-व्यवसायका लागि पुँजी नभएका कारण महाउत समुदायमा अधिकांश परिवार साँझ के खाउँ, बिहान के खाउँ भन्ने समस्या खेप्न विवश रहेको स्थानीय अमृता महाउतले बताउनुभयो। मगन्ता समुदायको बस्तीमा शुद्ध पानी पिउन छैन, बस्तीमा सडक बनेको छैन। स्थानीय सरकारले मगन्ता समुदायको विकासका लागि छुट्याएको बजेट कहाँ, कसरी, कसले खर्चिन्छ, उनीहरूले थाहा पाउन सकेका छैनन्।

अन्य लोपोन्मुख तथा सीमान्तकृत समुदाय राजनीतिक पहुँचका लागि राज्यसँग लडिरहेको समय आफूहरुले भने आफ्नो पहिचान समेत कायम गर्न नसकेको अमृताको भनाइ छ। "महाउत समुदायको पुर्ख्यौली पेसा तथा काम भनेको मागेर खाने हो", महाउत समुदायकी अगुवा एवम् डुडुवा गाउँपालिका कार्यपालिका सदस्य जवन्ती महाउतले भन्नुभयो, "अहिले खेती किसानी र मजदुरी गरेर जसोतसो जीविकोपार्जन गर्दै आए पनि महाउत समुदाय सबै क्षेत्र र अवसरबाट पिछडिएको छ।"

### महाउत समुदायकै एक्ली जनप्रतिनिधि

बाँकेमा अल्पसंख्यक महाउत समुदायकी एक्ली जनप्रतिनिधि जवन्ती महाउतले विभिन्न चुनौती चिर्दै समुदाय र टोल बस्तीको विकासमा खटिनुभएको छ। महाउत समुदायको उत्थान र वडाको समग्र बस्ती विकासका लागि काम गर्ने आफूमा हुट्हुटी भए पनि राजनीतिक खिचातानीले सोचेजस्तो काम गर्न नपाएको उहाँको अनुभव छ।

स्थानीय तह निर्वाचन २०७९ मा जवन्ती बाँकेको डुडुवा गाउँपालिका-६ बाट महिला सदस्यमा निर्वाचित हुनुभएको हो। नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट वडा सदस्य जित्नुभएकी जवन्तीलाई उक्त पार्टीले कार्यपालिका सदस्य बनाएको थियो। कार्यपालिका सदस्य बनेपछि थुप्रै चुनौतीका बीच जवन्तीले काम गर्दै आउनुभएको छ। "हाम्रो समुदायलाई लोपोन्मुख अल्पसंख्यक जातिमा सूचीकृत गर्नुपर्ने छ, मगन्ता वस्तीलगायत वडाका समग्र टोलको विकास गर्नुछ", जवन्तीले भन्नुभयो, "कार्यपालिका वैठकमा पटकपटक हाम्रो समुदाय र वस्तीको कुरा उठाएकी छु तर अहिलेसम्म सम्बोधन भएको छैन।"

वर्षौंदेखि मगान्ताटोलमा बसेका महाउत सबैजसोको घर फुसका छन्। अलि ठूलो पानी पर्दा जवन्तीको घर चुहिन्छ, अनि डुबान पनि हुन्छ। बर्सातमा बस्ती पस्ने बाटो हिलाम्य हुने गर्दथ्यो। यो वर्ष रु दुई लाखको बजेटमा महाउत बस्ती पस्ने सडक ग्राभेल बनाएपछि सुविधा भएको जवन्तीले बताउनुभयो। जनप्रतिनिधि बन्नु अगाडि जवन्ती महाउत अन्य गाउँमा बिहे, भोज हुँदा भाँडा माझ्न जाने काम गर्नुहुन्थ्यो। उहाँको श्रीमान मनोहर महाउन अहिले पनि मजदुरी काम गर्दै आउनुभएको छ।

सूचीकृत गराएर राज्यबाट सेवासुविधा दिलाउनु जवन्तीको प्राथमिकतामा परेको छ। "जनता आवास कार्यक्रम पारेर फुसका घरलाई विस्थापित गर्ने काम सुरु भएको छ, बाटोघाटो बनाउने, मागेर गुजारा चलाउनेहरूलाई आयआर्जनमा लगाउनु, शिक्षा र स्वास्थ्यमा पहुँच पुर्‍याउनु हाम्रो समुदायका आवश्यकता छन्", जवन्तीले भन्नुभयो, "गाउँपालिकाले वडा र महाउत बस्तीका लागि बजेट तथा कार्यक्रम विनियोजन नगर्दा सोचेजस्तो काम हुन सकेको छैन।"

### बालबालिका विद्यालय बाहिरै

अल्पसंख्यक महाउत समुदायका बालबालिका आर्थिक अभावमा विद्यालय जानबाट बञ्चित हुँदै आएका छन्। विद्यालय उमेर समूहका अधिकांश बालबालिका मजदूरी गर्ने ठाउँमा भेटिन्छन्। "गाउँमा धेरै पढेको कोही छैन, मैले तीन कक्षासम्म पढेर छोडिदिएँ", विद्यालय उमेर समूहका नौकुश महाउतले भन्नुभयो,"स्कुल जान कापी किताब, झोला र पोसाक चाहिन्छ, घरमा कसैले दिँदैन। त्यसैले अहिले मजदुरी गर्न थालेको छु।"

काशी महाउतका विद्यालय उमेर समूहका चार छोरा र एक छोरी छन् तर कोही पनि विद्यालय जाँदैनन्। साना बालबालिका बाख्रा, बङ्गुर चराउन जाने र अलि ठूलो भएपछि मजदुरीमा जाने गरेको काशीले बताउनुभयो। "पढे लेखेर के हुन्छ, कसैले केही काम पाएका छैनन्, त्यही भएर हाम्रा छोराछोरी स्कूल जाँदैनन्", काशीले भन्नुभयो,"घरमा खान बस्नकै समस्या छ, विद्यालय पठाउन कापी किताब, झोला र पोसाक कहाँबाट ल्याउने ?"

वर्षौंदेखि मगान्ताटोलमा बसेका महाउत सबैजसोको घर फुसका छन्। यो समुदायका अधिकांश ज्याला मजदुरी गरेर जीविका चलाउँछन्। मगन्ता गाउँमा मात्रै यो समुदायका एक सय १२ घर छन्। समुदायबाट हालसम्म तीन जनाले मात्र एसइई पास गरेका छन्। समुदायबाटै पहिलोपटक एसएलसी उत्तीर्ण गर्नुभएका केलारामले जागिर नपाएर बेरोजगार बस्नुपर्दा महाउत समुदायमा पढेर पनि केही नहुने गलत धारणाको विकास भएको उहाँको बुझाइ छ।

डुडुवा गाउँपालिका-६ हिरमिनियास्थित सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापक ज्वाला रेग्मीले गरिबी तथा आर्थिक अवस्था अभावका कारण महाउत समुदायका अधिकांश बालबालिका विद्यालय तहको पढाइ पूरा नगर्दै विद्यालय छाड्ने गरेको बताउनुभयो। विद्यालयमा भर्ना भएका महाउत समुदायका विद्यार्थीमध्ये करिब ९० प्रतिशत बढिले एसइई पास नगर्दै पढाइ छाड्ने गरेको उहाँले जानकारी दिनुभयो। महाउत समुदायबाट गतवर्षको एसईइमा एकजना विद्यार्थी सहभागी भएकामा अहिले मौका परीक्षाको तयारीमा रहेका छन्। महाउत सुमदायका बालबालिकाको शिक्षा पहुँच बढाउनका लागि विद्यालयका तर्फबाट अनेक प्रयत्न गरे पनि सफल हुन नसकेको उहाँको भनाइ छ। डुडुवा गाउँपालिका-६ का वडाध्यक्ष मोहनराम मिश्रले महाउत समुदायका बालबालिकालाई शिक्षामा विशेष किसिमको व्यवस्था नभएको बताउनुभयो। महाउत समुदायलाई अल्पसंख्यक जातिमा सूचीकृत गराउन गाउँपालिका र जिल्ला समन्वय समितिस्तरबाट निर्णय गरेर प्रदेश सरकारमा पठाइसकिएको उहाँको भनाइ छ।रासस

# माग बढेपछि किसान कोदो खेतीतर्फ आकर्षित

गलेश्वर। वर्षौंदेखि बाँझो रहेको नौ रोपनी बारीमा प्राङ्गारिक मल हाली हाते ट्र्याक्टरले जोतेर खन्न सजिलो भएपछि पश्चिम म्याग्दीको मालिका गाउँपालिका-६ दिच्यामका मनबहादुर बूढाले चार दिन लगाएर बारीमा कोदो रोप्नुभयो। यस्तै मङ्गला गाउँपालिका-५ की विमला रोकाले विगत वर्षमा खेती गर्ने जागर नहुँदा भएको बारी पनि बाँझै छोड्ने गर्नुहुन्थयो। तर,यस वर्ष रु चार हजार खर्च गरेर खनजोत गरेपछि पाँच रोपनी बारीमा खेताला लगाएर कोदो रोपेको बताउनुभयो।



पछिल्लो समय माग ग्रामीण तथा सहरी क्षेत्रमा बढ्दै जान थालेपछि पश्चिम म्याग्दीका किसान कोदो खेतीप्रति आकर्षित भएका छन्। गाउँमा आयातित मदिरा भन्दा कोदोको मदिरा बढी रुचाइन थालेपछि उत्पादिन कोदो रु दुई सय ५० प्रतिपाथी गाउँमा नै खपत हुन थालेको छ। त्यसैगरी सहरमा कोदोको परिकारप्रति आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्न थालेपछि यहाँका किसान कोदो खेतीतर्फ आकर्षित भएका मालिका गाउँपालिका-६ का वडाअध्यक्ष पथबहादुर रोकाले बताउनुभयो।

पश्चिम म्याग्दीको मालिका र धवलागिरि गाउँपालिकाका साथै उत्तरी म्याग्दीको रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकामा यसवर्ष कोदो खेती विस्तार गरिएको छ। "मकै र गहुँको भन्दा कोदोको खोजी बढी हुन थालेको छ", मालिका गाउँपालिका-६ का वडासदस्य छरदेवी घर्तीले भन्नुभयो "अरु अन्न बिक्री गर्न कठिन हुन्छ। तर कोदो खोज्न ग्राहक घरघरमा नै आइपुग्छन्।"

केही वर्षअघिसम्म घर अगाडिको भिरालो बारीमा वनमारा र सिरु फैलिएको पश्चिम म्याग्दीका निस्कोट, रुम, देवीस्थान, ओखरबोट, डाँडागाउँलगायतका धेरै गाउँमा गत वर्षदेखि कोदोखेती विस्तार गरिएको छ। पश्चिम म्याग्दीका बासिन्दाले अरु खेतीलाई भन्दा कोदो खेतीलाई महत्व दिँदै आएका छन्। पछिल्लो समय गाउँबाट सहर गएका नागरिक बर्खामा गाउँ फर्केर आफ्नो बारीमा कोदो रोप्ने गरेका छन्।

"सहरमा कोदोको माग बढी छ, गाउँमा आफ्नो बारी बाँझै रहन्थ्यो, यस वर्ष कोदो रोप्ने समयमा बजारबाट गाउँ फर्किएर खेताला (कृषि मजदुर) खोजी चार दिन लगाइ कोदो रोपेँ", मङ्गला गाउँपालिका-२ का याममती रोकाले भन्नुभयो। पछिल्लो समय गाउँ घरमा पनि जाडोको समयमा कोदोको ढिँडो र रोटी खाने बानीको विकास हुँदै गएको छ।

"बजारबाट ल्याएका चाउचाउ, बिस्कुट, चिउरा, भुजा, नमकिन लगायतका वस्तुलाई खाजाको रुपमा प्रयोग गर्ने क्रम घट्दै गएको छ, गाउँलेले पाएसम्म गाउँकै उत्पादनलाई खाजा र खानाको रुपमा प्रयोग गर्न थालेका छन्। सबैको रोजाइमा कोदो पर्दैगएको छ", दरबाङको केवी एकेडेमीका शिक्षक मीन सुनारले भन्नुभयो। उहाँका अनुसार उत्पादित कोदो बिक्री गर्नुका साथै घरेलु मदिरा उत्पादन गर्ने, ढिँडो र रोटी बनाएर खाने गरिन्छ।

विगतका वर्षमा गाउँघरमा कोदोको उत्पादन कम हुँदै जाँदा सहरका होटलले भने कोदोको परिकारलाई नै आकर्षणका रूपमा राख्ने चलन भने बढ्दै गएको थियो। कोदोको भनेजति मूल्य पर्न थालेपछि गाउँका किसान कोदो खेतीतर्फ आकर्षित भएका र यस वर्ष गाउँभरी नै कोदो खेती गरिएको छ। म्याग्दीको सदरमुकाम बेनी, गलेश्वर, दरबाङ, सिंगा तातोपानी, भुरुङ तातोपानी लगायतका बजार क्षेत्रका होटलमा आउने पाहुनाले बजारमा बेच्न राखिएको चामलभन्दा गाउँमा उत्पादित कोदोको परिकार खोज्ने र मूल्य पनि बढी तिर्ने गरेका होटल व्यवसायीले बताएका छन्। एक नगरपालिका र पाँचवटा गाउँपालिका रहेको म्याग्दीको कूल ३० हजार आठ सय ५६ हेक्टर खेतीयोग्य जमिन रहेकामा त्यसमध्ये जम्मा १९ हजार चार सय ९८ हेक्टरमा मात्रै खेती गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले जानकारी दिनुभयो।रासस

# हलगोरु पाल्ने किसानलाई अनुदान

दमौली। जिल्लाको म्याग्दे गाउँपालिकाले गत आर्थिक वर्षमा हलगोरु पाल्ने किसानलाई रु १३ लाख ८० हजार अनुदान उपलब्ध गराएको छ। गाउँपालिकाको पशु सेवा उपशाखाको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत हलगोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप उक्त रकम उपलब्ध गराइएको हो।

उक्त कार्यक्रमबाट तीन सय ४५ हलगोरु पाल्ने किसान लाभान्वित भएका गाउँपालिकाको पशु सेवा उपशाखाका प्रमुख डा विनयकुमार शाहले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतिहलगोरु रु चार हजार अनुदान दिने गाउँपालिकाको नीतिअनुसार तीन सय ४५ किसानलाई उक्त रकम उपलब्ध गराइएको छ। यस कार्यक्रमका लागि सुरुमा रु १० लाख विनियोजन गरिएकामा रकम अपुग भएपछि बाँकी रकम रकमान्तर गरिएको शाहले बताउनुभयो।



गोरु पाल्ने क्रम घट्दा जग्गा बाँझो हुने क्रम बढेपछि किसानलाई प्रोत्साहनका लागि रकम उपलब्ध गराइएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो। गोरु पाल्ने प्रचलन घट्दै जाँदा खेतबारी बाँझो हुन थालेपछि जग्गा बाँझो हुन नदिन यो कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिएको उहाँको भनाइ छ। गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले गोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप रकम उपलब्ध गराइएको भन्दै उक्त रकम गोरुको पोषणका लागि खर्च गर्न किसानलाई सुझाव दिनुभयो। आव २०७९/८० मा दुई सय ५० किसानलाई अनुदान उपलब्ध गराइएको थियो। प्रोत्साहन रकम पाएपछि हलगोरु संरक्षणमा सहयोग पुग्ने भन्दै किसान खुसी भएका छन्।

गाउँपालिकाले हल गोरु पाल्ने किसानलाई रकम उपलब्ध गराउने नीति तथा कार्यक्रममार्फत निर्णय गरेको थियो। सोही अनुसार सबै किसानलाई बैङ्किङ प्रणालीमार्फत रकम उपलब्ध गराइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो।रासस

# 'वन्यजन्तुलाई वनभित्रै आहारा व्यवस्थापन गर्न फलफूल जङ्गल'

बनियानी। प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानाले सरकारले फलफूल जङ्गलको अवधारणा अघि सारेको बताउनुभएको छ।

झापाको अर्जुनधारामा विहिबार आयोजित वृक्षरोपण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सरकारले यो वर्षदेखि फलफूल जङ्गल (फ्रुट फरेष्ट)को अवधारणाका लागि मन्त्रालयले बजेटसमेत् छुट्याएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "वन क्षेत्रका वन्यजन्तुलाई वनभित्रै आहार व्यवस्थापन गर्ने सोचका साथ यो अवधारणा अघि सारिएको हो।"वन जङ्गलमा पाइने विशेष प्रकृतिका फलफूल संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। वनमा आश्रित पशुपन्छीको आहारा व्यवस्थापनका लागि यसै वर्षदेखि सुरु गरेको पशुपन्छी बास बगैँचा कार्यक्रमको प्रशंसा गर्दै उहाँले भन्नुभयो, "मान्छेले मात्र होइन, सबै पशुपन्छीले खान पाउनुपर्छ।"

पर्यावरणको संरक्षण गर्न नसके सबै जीवको अस्तित्व सङ्कटमा पर्ने भएकाले पर्यावरण संरक्षणमा उहाँले जोड दिनुभयो। अर्जुनधारा नगरपालिकाका नगरप्रमुख बलदेव गोम्देनले सामुदायिक वनबाट निस्किने जङ्गली जनावर तथा चराचुरुङ्गीले आसपासका किसानले लगाएको बालीमा क्षति पु-याउँदै आएकाले सोको न्यूनीकरण गर्न सामुदायिक वनमा पशुपन्छीमैत्री बिरुवा रोप्ने अभियान सुरु गरिएको बताउनुभयो। "पशुपन्छी खानाको खोजीमा बस्ती पस्दा किसानलाई नोक्सान हुने गरेको छ", उहाँले भन्नुभयो, "पशुपन्छीलाई वनभित्रै आहाराको व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम गरिरहेका छौं।" पशुपन्छी बास बगैँचा कार्यक्रमका लागि नगरले रु १० लाख बजेट छुट्याएको उहाँले बताउनुभयो।

वन परिसरभित्र उपसभामुख राना, रौतहट-४ का सांसद देवप्रसाद तिम्सिना, नगरप्रमुख गोम्देन, नेपाली सेनाका सहायक रथी युवधिरमानसिंह अधिकारी, अरिदमन गण चारआलीका गणपति प्राजु बस्नेत, हचुमासा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष चन्द्रपसाद प्रसाईंलगायतले वृक्षरोपण गर्नुभएको थियो।नगरको 'पशुपन्छी बास-बगैँचा कार्यक्रम' का लागि नेपाली सेनाको अरिदमन गणले अमला, तित्री, हर्रो, बर्रो, अम्बक, लिच्ची र जामुनको दुई हजार बोट बिरुवा प्रदान गरेको छ। नगर क्षेत्रका सामुदायिक वनमा पाँच हजार बिरुवा रोप्ने लक्ष्य राखिएको छ।रासस

# कार्य सम्पादनमा धनुषा सबैभन्दा पछाडि




**टुडे समाचारदाता**

जनकपुरधाम । गत आर्थिक वर्ष २०८०/०८१ मा कार्य प्रगतिको परिणाममा सबैभन्दा पछाडि जिल्ला प्रशासन कार्यालय धनुषा परेको छ । भने सबैभन्दा राम्रो कार्य प्रगति रुपन्देही जिल्ला प्रशासन कार्यालयको देखिएको छ । गृह मन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार धनुषा जिल्लाको कार्य प्रगति सबैभन्दा पछाडि देखिएको छ । सो जिल्लाले ७६.२५ अंक मात्र प्राप्त गरेको छ ।

७७ औं जिल्ला प्रशासन कार्यालयमध्ये ९८ अंक प्राप्त गरी रुपन्देही पहिलो भएको छ । त्यसैगरी दोस्रोमा पाल्पाले ९७.७५ अंक प्राप्त गरेको छ । पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक कार्य प्रगतिका आधारमा मन्त्रालयले कुल प्राप्ताङ्क दिई प्रतिवेदन सार्वजनिक गर्ने गरेको छ ।

१०० पूर्णांकमा ९७.६२ अंक ल्याएर बागलुङ तेस्रो स्थानमा छ । त्यस्तै पश्चिमी रुकुम जिल्लाले ९७.५० अंक ल्याइ चौथो स्थानमा छ ।

मन्त्रालयका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईले वर्षमा एक पटक सार्वजनिक गरिने प्रतिवेदनअनुसार रुपन्देही सबैभन्दा राम्रो अंक प्राप्त गरेको जिल्ला बनेको छ । प्रमुख जिल्ला अधिकारीले हरेक आर्थिक वर्षमा मन्त्रालयका सचिवसंग कार्य सम्पादन मूल्यांकन सम्झौता गर्नुपर्ने व्यवस्था रहेको र सोही व्यवस्थाअनुसार मन्त्रालयमा पेस भएको प्रतिवेदनअनुसार सो अंक प्रदान गर्ने गरिएको प्रवक्ता भट्टराईले बताए ।

सो प्रतिवेदनअनुसार ७६ औं स्थानमा उदयपुर जिल्ला रहेको छ । सो जिल्लाले ७९.२५ अंक प्राप्त गरेको छ । त्यस्तै, ७५, ७४, ७३ औं मा क्रमशः दैलेख, अछाम र खोटाङ जिल्ला रहेका छन् । सो जिल्लाले क्रमशः ७९.६८, ८०.१८ र ८१.७५ अंक प्राप्त गरेका छन् ।

सोहीअनुसार सुदूरपश्चिमको कैलाली ३२ औं स्थानमा परेको छ । सो जिल्लाले ९३.५ अंक प्राप्त गरेको छ । त्यस्तै, कञ्चनपुरले ९३.७५ अंक ल्याई ३० औं स्थान कायम गरेको छ । त्यस्तै, हिमालपारिका जिल्ला मनाङ र मुस्ताङले क्रमशः २३ औं स्थान प्राप्त गरेका छन् । सो जिल्लाले ९४.५ अंक प्राप्त गरेका छन् ।

मुलुकको संघीय राजधानी रहेको काठमाण्डु जिल्ला ९४.५६ अंक प्राप्त गरी २१ औं स्थानमा रहेको छ । त्यस्तै, भक्तपुर ९४.६८ अङ्क ल्याई २० औं स्थानमा छ । ललितपुर ९६.१२ अंक ल्याई १२ औं स्थानमा छ ।

# मुख्यमन्त्रीले गरे कार्यालयमा छड्के

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले बिहीबार एक मन्त्रालयसहित चार कार्यालयमा छड्के जाँच निरीक्षण गरेका छन् ।



मुख्यमन्त्री सिंहले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पूर्वाधार विकास कार्यालय, वन निर्देशनालय र शिक्षा विकास निर्देशनालयमा छड्के जाँच निरीक्षण गरेका छन् । कर्मचारीहरू कार्यालयमा नबस्ने, बसे पनि राम्ररी काम नगर्ने, काममा ढिलासुस्ती गर्ने जस्ता धेरै गुनासो आएकाले छड्के जाँच निरीक्षण गरेको मुख्यमन्त्री सिंहले बताए ।

आर्थिक वर्ष समाप्त भई नयाँ आर्थिक वर्षको साउन र भदौ महिनामा कर्मचारीहरू कार्यालयमा नभेट्ने परिपाटी नै बनिसकेकाले छड्के जाँच सुरु गरेपछि अहिले कार्यालय कर्मचारीहरू भेट्न थालेको उहाँले दाबी गरे ।

उनले भने, ‘‘छड्केको क्रममा कार्यालयको निर्धारित समयमा कर्मचारी नआउने, आए पनि हाजिरी नगरी बाहिर हिड्डुल गर्ने र छडकेमा परेपछि कार्यालयमै रहेको तर हाजिरी गर्न बिर्सेको बहानाबाजी गर्ने जस्तो प्रवृत्ति भेटिएको छ ।’’

कर्मचारीहरू कार्यालयमा हाजिरी भइसकेपछि बाहिर जानु पर्दा कामको जानकारी गराइ आदेश लिएर मात्र जानुपर्ने उनले निर्देशन दिँदै थपे, ‘‘यदि कर्मचारी बिदामा बसेका छन् भने विदा स्वीकृत गराएर मात्र विदा बस्नु पर्छ ।’’

कर्मचारीको जुन काम कर्तव्य, जिम्मेवारी छ, त्यसअनुसार सेवाग्राहीको छिटोछरितो काम कारबाही गराउन, सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन छड्के जाँच गरिएको मुख्यमन्त्री सिंहले छड्के जाँचको क्रममा बताए । यस्तो अनुगमनलाई निरन्तरता दिने उहाँले जानकारी दिए ।

यसअघि साउन ६ गते आइतबार मुख्यमन्त्री सिंहले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेशका ११ वटा मन्त्रालयहरूमा छड्के निरीक्षण गरे । अर्थ, गृह, सञ्चार तथा कानुन, वन तथा वातावरण, भौतिक पूर्वाधार विकास, स्वास्थ्य तथा जनसंख्या, ऊर्जा सिँचाइ तथा खानेपानी, शिक्षा तथा संस्कृति, उद्योग, वाणिज्य तथा पर्यटन, श्रम तथा यातायात र खेलकुद तथा समाज कल्याण मन्त्रालयमा छड्के जाँच गरेको थियो ।

त्यसबेला पनि अधिकांश कर्मचारीहरूमा धेरै लापरबाही देखिएको थियो । खासगरी कार्यालयमा हाजिर नगर्ने, विदा जाँदा स्वीकृति नलिने जस्ता समस्या भेटिएको थियो ।

# नागपञ्चमीमा पूजाअर्चना गर्दै समाज

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष नागपञ्चमीको अवसरमा नागवंशी चौरसिया समाज नेपालले जनकपुरधामले नागको ठूलो प्रतिमा बनाइ शुक्रबार पूजाअर्चना गर्ने भएको छ । जनकपुरधाम-७ मा रहेको तपसी चोकस्थित बरईकुट्टीमा नागको ठूलो प्रतिमा बनाएर भव्यतापूर्वक पूजाअर्चना गर्ने समाजका महासचिव रितेश भगतले एक विज्ञप्ति जारी गर्दै जनाएको छ ।

# मेडिकल कलेजका एमडी शाहनवाजलाई ‘क्लिन चिट’

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जको नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक (एमडी) शहनवाज अन्सारीले ‘क्लिन चिट’ पाएका छन् ।



जिल्ला सरकारी वकिलको कार्यालय पर्साबाट नै अन्सारीमाथि दर्ता भएको मुद्दा किनारा लगाइएको छ । पर्सा प्रहरीले गएको चैत महिनाको अन्तिम साता उनीमाथि कालोबजारी तथा केही अन्य सामाजिक अपराधविरुद्धको मुद्दा दर्ता गरेको थियो ।

मेडिकल कलेजको ल्याबबाट म्याद नाघेको केमिकल बरामद भएपछि प्रहरीले उनीमाथि मुद्दा दर्ता गरेको थियो । सो दर्ता मुद्दामा प्रहरीले ५ वर्षको कैद सजायको माग दाबी गरे पनि मेडिकल कलेजले आफ्नो मुद्दामा सफलता पाउँदै उनले क्लिन चिट पाएको छ ।

पर्सा प्रहरीले ५ वर्ष कैद माग दाबीको मुद्दामा सरकारी वलिकको कार्यालयले र महान्यायाधिवक्ताको कार्यालयले मुद्दा नै नचल्ने निर्णयसमेत गरेको छ ।

तत्कालीन सरकार वकिलको कार्यालय प्रमुख सुशिल देवकोटाले मुद्दा नै नचल्ने निर्णय गरेर मुद्दा किनारा लगाएको छ । सो कागजात अझ आउन बाँकी रहेकोले त्यसमा के-के देखाएर सफाइ दिइएको छ त्यो अध्ययन गर्न बाँकी रहेको उनको भनाइ छ । तत्कालीन महान्यायाधिवक्ता दिनमणी पोखरेलले मुद्दामा सफाइ दिएको जनाएको छ ।

पर्सा प्रहरीले ५ वर्षको कैद सजायको माग दाबी गर्दै १७ असारमा सरकारी वकिलको कार्यालयले मुद्दा पेस गरेको थियो । त्यसपछि १८ असारमा तत्कालीन सरकारी वकिल कार्यालयको जिल्ला प्रमुख देवकोटाले सबुत प्रमाण नदेखिएकोले मुद्दा नचल्ने निर्णय गरेका थिए ।साधारण तारिखमा छोड्न आदेश भएपछि त्यही अनुसारको प्रक्रिया अगाडि बढाइएको पर्सा प्रहरीले जनाएको छ ।

वीरगञ्जमा एमाले पार्टीको पदाधिकारी शथपग्रहणमा आएका प्रधानमन्त्री केपी शर्मा ओलीलाई मेडिकल कलेज परिवारले आफ्नो महँगो गाडी चढ्नका लागि दिएको थियो ।

सो गाडीमा प्रधानमन्त्री ओली चढेर पर्सा र बारामा राखिएका कार्यक्रममा सहभागी भएका थिए । प्रधानमन्त्री ओली एमडी अन्सारी अभियुक्त छँदाकै बखत उनको घरमा पुगेर पारिवारिक भेटघाटसमेत गरेको थियो ।

# जलेर घाइते भएका महतोद्वारा क्षतिपूर्ति माग

**टुडे समाचारदाता**

राजविराज । उपचारका क्रममा विद्युत प्रवाहमा आएको गडबडीले शल्यक्रिया कक्षमै करेन्ट लागेर शरीरका विभिन्न भाग जलेर घाइते भएका सिरहाको कल्याणपुर नगरपालिका- १२ स्थित बेल्हाका २४ वर्षीय रामबाबु महतो बिरामी अवस्थामा पनि न्याय खोज्दै भौतारिरहेका छन् ।

उनी ४ महिना अघि फिस्टुला रोगको उपचार गराउन सिरहास्थित प्रादेशिक अस्पतालमा भर्ना भएका थिए । शल्यक्रिया गराउने क्रममा चिकित्सकको लापरवाहीले घुँडा र तिघ्रामा करेन्ट लागेर घाउँ नै घाउँ भएको बताउने महतोले आफ्नो उपचार तथा क्षतिपूर्तिको व्यवस्थाका साथै घट्नाको अनुसन्धान गर्न समेत माँग गर्दै आएका छन् ।

न्याय खोज्दै बिहीबार उनी सप्तरी सदरमुकाम राजविराज आइपुगेका हुन् । उनले आफ्नो उपचारमा लापरबाही गर्ने चिकित्सक डा.नागेन्द्र प्रसाद यादव अहिले सरुवा भइ राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पताल आइपुगेकाले न्याय खोज्दै यतै आएको बताए ।

घटनाका बेला डा. यादव भने सिरहास्थित प्रादेशिक अस्पतालमा कार्यरत छन् । त्यति बेला उपचार गराउँदा डा.यादवले अप्रेसन गरेर फिस्टुलाको उपचार गर्नु पर्छ भन्ने सल्लाह दिएपछि आफूले उनैसंग शल्यक्रिया गराएको उनको भनाइ छ ।



शल्यक्रिया गर्ने क्रममा प्रयोग गरिएका विद्युतिय उपकरणबाट अचानक आफ्नो घुँडा र तिघ्रामा करेन्ट लागेर नराम्ररी जलेर घाउ भएको र अहिलेसम्म निको नहुँदा हिड्डुल गर्न समेत समस्या भएको उनले बताए । लापरबाही गर्ने डाक्टर विरुद्ध सिरहा जिल्ला प्रहरी कार्यालय तथा नगरपालिकाको न्यायिक समितिमा उजुरी दिए पनि अहिलेसम्म न्याय पाउन नसकेको उनको गुनासो छ ।

आफ्नो शल्यक्रिया गर्ने डाक्टर हाल गजेन्द्र नारायण सिह अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट भइ आएको थाहा पाएपछि न्यायका लागि यहाँ सम्म आइपुगेको उनले बताए । खुट्टाको विभिन्न भाग जलेपछी हिड्डुल गर्न समस्या तथा बाहिर कतै गएर काम गर्न असमर्थ भएपछि परिवारको खर्च धान्नसमेत समस्या भएको पीडित महतोले बताए ।

यता पीडित महतोले न्याय पाउनु पर्छ भनि मधेश प्रदेशसभामा पनि उनको बारेमा बोले । सप्तरीबाट प्रदेश सांसद रहेकी किरण कुमारी साहले बुधबार घट्नाको अनुसन्धान, पीडित महतोको उपचारको व्यवस्था, क्षतिपूर्ति र परिवारको भरण पोषणको माग गर्दै प्रदेशसभामा सरकारको ध्यानाकर्षण गराइन् ।

प्रदेशका स्वास्थ्य मन्त्रीको पनि ध्यानाकर्षण गराउँदै उनले उपचारका क्रममा भएको लापरबाहीका कारण थप पीडामा परेका महतोको उपचार तथा क्षतिपूर्तिका लागि पहल गर्न माग गरिन् । उनले चिकित्सकको लापरबाहीले बिरामी थप पीडित बनेको बताउँदै उनले आर्थिक, मानसिक र शारिरीक पीडा भोग्न बाध्य भएकोले अस्पताल प्रशासन, सम्बन्धित चिकित्सक तथा प्रदेश सरकार सबै मिलेर पीडित महतोलाई सहयोग गर्नु पर्ने बताइन् ।

यता हाल गजेन्द्र नारायण सिह अस्पतालका प्रमुख रहेका डा.यादवले शल्यक्रिया गर्ने क्रममा एक्कासी विद्युतिय उपकरणमा हाइभोल्टेज आएका कारण महतोको तिघ्रा र घुँडा जल्न गएको बताएका छन् ।

सिरहामा हुँदासम्म मैले उनको निःशुल्क रुपमै सकेसम्म उपचारको प्रयास गरेको थिए र अहिले राजविराजमा आइपुग्दा पनि उनको निःशुल्क उपचार गर्न तयार छुँ, उनले भने ।

# सामान्य वर्षामै जलमग्न स्वास्थ्य चौकी



**टुडे समाचारदाता**

लहान । पानीको निकास नहुँदा सिरहाको सुखीपुर नगरपालिका-८ स्थित सुखीपुर स्वास्थ्य चौकीमा सामान्य वर्षामै जलमग्न हुने गरेको छ । नगरस्तरीय २५ शैय्याको जलमग्न हुँदा अस्पताल आउने बिरामी र स्वास्थ्यकर्मीले सास्ती भोग्दै आएका छन् ।

स्वास्थ्य चौकीको दुवैतर्फ अग्लो पक्की सडक बनेसँगै विगत पाँच वर्षदेखि अस्पताल क्षेत्र जलमग्न हुँदै आएको स्थानीय इन्द्रजीत साहले बताए । उनले भने, “वर्षा सुरु भएसँगै अस्पताल क्षेत्र पूरै डुबान हुन्छ । थोरै वर्षामा पनि अस्पताल आउजाउ गर्न समस्या हुन्छ । लामो समय वर्षा हुँदा त अस्पताल भित्रै पानी पस्छ ।” पानीको निकास थुनेर नजिकमा पक्की घरका संरचना बन्दै जाँदा समस्या बढ्दै गएको उनको भनाइ छ ।

पानी निकासबारे पटकपटक सम्बन्धित निकायमा पहल गरिए पनि आश्वासन मात्र पाइएको अस्पतालका सिनियर अहेब जगत सिंहले बताए । “वरिपरी अन्य संरचना बनेपछि अस्पताल क्षेत्र होचो हुँदा सामान्य वर्षामै पोखरीमा परिणत हुन्छ । यसले अस्पतालमा बिरामीको सेवा प्रभावित हुँदै आएको छ,” सिंहले भने “पानीको निकासका लागि सम्बन्धित निकायमा पटक-पटक अनुरोध गर्दै आएका छौं । नगरपालिकाबाट केही ट्रैक्टर माटो हाल्ने काम गरिए पनि पानी निकासको काम अगाडि नबढ्दा समस्यामा छौं ।”

उनले अस्पताल जस्तो संवेदलशील क्षेत्रमा पानी जम्ने समस्या हुँदा पानीजन्य सङ्क्रामक रोग फैलिने सम्भावना रहेको बताए ।

अस्पताल क्षेत्रको सडकमा नाला निर्माण पूरा नहुँदा समस्या भएको सो वडाका वडा अध्यक्ष किशोरीप्रसाद चौधरीले बताए । आधा नाला अघिल्लो सुखीपुर मेयरको कार्यकालमा निर्माण भइसकेको र आधा काम बाँकी रहेकाले नगरपालिकासामु पटक-पटक पहल गरिए पनि सुनुवाइ हुन नसकेको उनले गुनासो गरे ।

मेयर रामऔतार यादवले पानी निकासमा आएको समस्याका बारेमा बुझेर चाँडै निराकरण गर्ने बताए ।

# पुल बनाउन माग गर्दै प्रदर्शन




**टुडे समाचारदाता**

सिरहा । धनुषा-सिरहास्थित हुलाकी राजमार्गअन्तर्गतको सीमा रहेको कमला नदीमा पुल बनाउन माग गर्दै सिरहामा प्रदर्शन गरेको छ ।

पुल निर्माण संघर्ष समितिले बिहीबार सिरहाको महावीर चोकदेखि थाना चोकसम्म नारा-जुलुस गर्दै प्रदर्शन गरेका थिए । संघर्ष समितिले आउँदो आइतबार सिरहाको बसबिट्टादेखि जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसम्म मोटरसाइकल जुलुस निकाल्ने कार्यक्रम छ ।

संघर्ष समितिका संयोजक प्रवीण यादवले कमलाको पुल हुलाकी सडकको मेरुदण्ड रहे पनि सो पुल नहुँदा वर्षौंदेखि सास्ती खेप्दै आएको दुखेसो पोखे ।

यसअघि गत जेठमा चालु आर्थिक वर्षको बजेट सार्वजनिक हुनुअघि पनि स्थानीयले सिरहामा आन्दोलन गरेका थिए । बजेटमा कमला पुल निर्माणको सुनिश्चितता गर्ने गरी बजेट विनियोजन हुनुपर्ने मागसमेत राखेका छन् । पुल शिलान्यास भएको १३ वर्ष बितेको छ ।

कमलामा ४ सय ७० मिटर लामो र ११ मिटर चौडाइको पुल साढे तीन वर्षभित्रै निर्माण गरिसक्ने गरी २४ करोड ९१ लाख रुपैयाँमा २०६८ मंसिरमा पुल बनाउन शिलान्यास भएको थियो । पुल निर्माणको ठेक्का पाएको पप्पु लुम्बिनी बिल्डर्स जेभी कन्स्ट्रक्सनले तोकिएको मितिमा पनि पुल नबनाएपछि पटक-पटक म्याद थपियो । तर पनि अहिलेसम्म पुल बन्न सकेको छैन ।

२०७५ पुसमा रामरिझन यादवको अगुवाइमा हुलाकी सडक संघर्ष समितिले रिले अनशन थालेपछि हुलाकी राजमार्ग निर्देशनालयले पप्पु कन्स्ट्रक्सनबाट सो ठेक्का खोसेर २०७६ असोज १ मा लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनलाई २०७८ असार १३ भित्र काम सक्ने गरी जिम्मा लगाएको थियो ।

निर्माण सकेर उद्घाटनको तयारी भइरहेकै बेला २०७८ असार १७ मा सानो बाढी थेग्न नसकेर पुल भासिएको थियो ।

# अनावश्यक हस्तक्षेप र दबाव बढेको छिन्नमस्ता मन्दिरका पुजारी र पदाधीकारको गुनासोब



**टुडे समाचारदाता**

राजविराज । मुलुकको प्रसिद्ध शक्तिपीठ मध्येका छिन्नमस्ता भगवती मन्दिर समितिको नियमित कामकाजमा अनावश्यक हस्तक्षेप हुन थालेको गुनासो गरिएको छ ।

बिहीवार मन्दिरका पिठाधीश महाकान्त ठाकुर तथा छिन्नमस्ता भगवती मन्दिर संरक्षण सम्बर्द्धन समितिका सचिव बाबु नारायण मण्डलले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै अनावश्यक हस्तक्षेत्र र दबाब बढेको भन्दै गुनासो गरेका छन् ।

धार्मिक आस्थाको केन्द्र रहेको मन्दिरमा केही दिन यता विभिन्न व्यक्तिहरुले विभिन्न समूह बनाएर पुजारी तथा समितिका पदाधीकारीहरुमाथि अनावश्यक दबाब दिने, मन्दिरको निर्णयहरुमा हस्तक्षेप गर्ने, अमर्यादित व्यवहार गर्ने र धाकधम्की समेत दिएर तर्साउन खोज्ने लगायतका गतिविधि हुन थालेको जारी गरिएको विज्ञप्तीमा उल्लेख छ ।

केही व्यक्तीले आफ्नो स्वार्थपूर्तिका लागि मन्दिर जस्तो पवित्र स्थललाई पनि राजनीतिको अखडा बनाउन खोजेको सो विज्ञप्तिमार्फत यसबारे पालिकाका सबै सचेत नागरिकले चासो राख्नु पर्ने र त्यस्ता प्रवृतिका व्यक्तिलाई निरुत्साहित पार्न सहयोगका लागि आग्रह समेत गरिएको छ ।

सो विज्ञप्तिमा मन्दिर समितिका नयाँ विधान निर्माण गरी दर्ता प्रक्रियाका लागि जिल्ला प्रशासन कार्यालयमा जानकारी गराएको र सो प्रक्रियामा सघाउनसमेत सम्पुर्ण गाउँवासीलाई आग्रह गरिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८